# एएलएनएपी सिकाईपत्र :

## भूकम्प प्रतिकार्य



Lessons Paper

ALNAP

**अल्नाप** भनेको सिकाईको आदानप्रदान मार्फत मानवीय कार्यको कार्यसम्पादनमा सुधार ल्याउन समर्पित एउटा पृथक प्रणालीमा आधारित सञ्जाल हो ।

**www.alnap.org**

विगत १५ वर्षदेखि अल्नापले
विभिन्न प्रतिकार्यका लागि सिकाईहरुको आदानप्रदान गर्दै आएको छ । अन्य सिकाईपत्रका लागि :

**www.alnap.org/our-topics/lessons-for-response**

**सूचित उद्धरण**
जुइलार्ड, एच. र जुयोरडियान, जे. (२०१९) अल्नाप सिकाईपत्र: भूकम्प प्रतिकार्य ।
एलनाप/ओडिआई : लण्डन

**सञ्चार व्यवस्थापन**
कारा केसी-बोयेस

**डिजायन लेआउट**
एलेक्स ग्लिन तथा दिशेभ राज श्रेष्ठ

**ब्राण्डिङ्ग र डिजायन**
निकोलस मार्टिन, ऐय डिजाइन

**कपी ऐडिटिङ्ग**
क्याथ्रिन ओ नियल

**आवरण र अन्तिम पृष्ठ तस्विर**
नेपालको दोलखा जिल्लास्थित आफ्नो विद्यालयको भत्केको भवन अगाडि बसिरहेका छात्राहरु ।
फोटो : ओवेन राग्गेट

© ALNAP/ODI 2018. This work is licenced under a Creative Commons Attribution-Non Commercial Licence (CC BY-NC 3.0).

ISBN 978-1-910454-80-0

यो कार्यसम्पन्न गर्नका लागि आइरिस एडेडबाट प्राप्त सहयोगप्रति अल्नाप कृतज्ञता व्यक्त गर्दछ ।

Irish Aid
Department of Foreign Affairs
An Roinn Gnóthai Eachtracha

# आभार

यो पत्रको लेखन की एड कन्सल्टिङ्गका हेलेने जुइलार्ड र जोरिस जुयोरडियानबाट वरिष्ठ अनुसन्धान अधिकृत लेह क्याम्पबेलको सुपरिवेक्षणमा भएको हो। यस पत्रलाई पुनरावलोकन गर्ने अल्नाप सचिवालय, विशेषगरी नील डिल्लोन धन्यवादको पात्र हुनुहुन्छ। अनुसन्धान प्रक्रियाको सुरुमा अभिजित भट्टाचार्य, डेभिड सेन्डेरसन र म्यागी स्टेफेन्सनसँग तीन वटा अन्तर्वार्ता लिइएको थियो।

# विषयवस्तु


आभार ३

संक्षिप्त शब्दहरू ६

**परिचय** ७

**कार्यविधि** ८

**सिकाईहरू** १०

**क. परियोजना चक्रमा** **१०**

**सिकाई १ :** स्थानीय र राष्ट्रिय पात्रहरूसँग अझ विस्तृत र द्रुत गतिमा काम गर्ने - भूकम्पपछि सबैभन्दा प्रभावित समुदाय र निकायहरूसँग केही स्तरको क्षमता हुन्छ । १०

**सिकाई २ :** भूकम्पपछि व्यवसायको निरन्तरता सुनिश्चित गर्नका लागि निजी क्षेत्रका संस्थाहरूको कामलाई मान्यता दिने, र त्यसलाई अवमुल्यन नगर्ने । १२

**सिकाई ३ :** विशेषगरी दुरदराजका समुदायसँगको सञ्चारसम्पर्कमा पूर्वाधार र पहुँचको चुनौतीहरूलाई व्यवधानको रुपमा आउन नदिने । १३

**सिकाई ४ :** प्रतिकार्यका सबै चरणहरूमा लैङ्गिकता, सुरक्षा र वातावरणजस्ता अन्तरसम्बन्धित मुद्दाहरू समावेश गरिएको सुनिश्चित गर्ने । १३

**ख. समीक्षा र विश्लेषण** **१५**

**सिकाई ५ :** विभिन्न व्यक्तिहरूमाथि भूकम्पले पृथक तरिकाले पार्ने प्रभाव स्वीकार्ने र पहिचान गर्ने विस्तृत समीक्षा र मूल्याङ्कन गर्ने । १५

**सिकाई ६ :** आवश्यकता मुल्याङ्कनका लागि असल अभ्यासको स्थापना गर्ने, र सहरी क्षेत्रमा गर्दाका खास चुनौतीहरूलाई मान्यता प्रदान गर्ने । १७

**सिकाई ७ :** होस्ट समुदाय र आन्तरिक रुपमा विस्थापितबीच द्वन्द्वलाई नबढाउने तरिकाले समीक्षाहरूको आयोजना गर्ने । १७

**ग. रणनीतिक योजना निर्माण** **१८**

**सिकाई ८ :** भग्नावशेष भण्डारण गर्ने स्थानको पहिचान गर्ने, र उपयुक्त भएमा त्यसलाई सफाई गर्न अल्पकालीन सर्शत सहायताको प्रयोग गर्ने । १८

**सिकाई ९ :** अभिलेखीकरणको अभाव र जटिल भूस्वामित्व सम्बन्धी सवालहरूको आंकलन गर्ने । १९

**घ. स्रोत परिचालन** **२०**

**सिकाई १० :** पर्याप्त र उपयुक्त परिचालन क्षमताहरूको परिचालन गर्ने । २०

**ङ. कार्यान्वयन** **२१**

**सिकाई ११ :** भूकम्पपछिको अवस्थामा छिटो क्रमिक रुपमा आउने स्वास्थ्यसम्बन्धी आवश्यकताहरूप्रति ध्यान दिने । महामारी फैलन सक्छ भन्ने सम्भावनाप्रति सचेत रहने । २१

**सिकाई १२ :** विद्यमान संरचनाहरूको मर्मतसम्भारलाई प्राथमिकता प्रदान गर्ने, घरधनीको नेतृत्वमा चल्ने पुनर्निर्माणलाई सहयोग गर्ने, सम्पदाको संरक्षण गर्ने र स्थानान्तरण र पुनर्वासलाई अन्तिम विकल्पका रुपमा मात्र प्रयोग गर्ने । २२

**सिकाई १३ :** दीर्घकालीन पुनर्निर्माणमा व्यवधान पुर्याउन सक्ने अस्थाइ आवासहरुको निर्माण गर्दा सावधानी अवलम्बन गर्ने । २३

**सिकाई १४ :** दीर्घकालीनका साथै तत्कालका शिक्षा आवश्यकताहरूलाई सम्बोधन गर्ने । २४

**च. अनुगमन, मूल्याङ्कन, जवाफदेहिता र सिकाई** **२५**

**सिकाई १५ :** अनुगमन, मुल्याङ्कन, जवाफदेहिता र सिकाईको महत्वलाई मान्यता प्रदान गर्ने र व्यवधानहरूलाई हटाएर अघि बढ्ने । २५

**छ. समन्वय** **२७**

**सिकाई १६** : प्रतिकार्यमा नकारात्मक प्रभाव निवारण गर्न समन्वयमा समय र प्रयास लगानी गर्ने । २७

द्रष्टव्य २९

सन्दर्भसामग्री ३१

**विस्तृत कार्यविधि छुट्टै परिशिष्टका रूपमा**

**www.alnap.org/help-library/alnap-lessons-paper-responding-to-earthquakes-annexes-0**

**मा उपलब्ध छ ।**

# संक्षिप्त शब्दहरू

| | |
|---|---|
| एलएनएपी | जवाफदेहिता र कार्यसम्पादनका लागि सक्रिय सिकाई सञ्जाल |
| सिबीडिएम | समुदायमा आधारित विपद् व्यवस्थापन |
| सिसिएम | शिविर समन्वय र शिविर व्यवस्थापन |
| सिएफडब्ल' | कामका लागि नगद |
| सिएसओ | नागरिक समाज संस्थाहरू |
| डिआरआर | विपद् जोखिम न्यूनीकरण |
| इसिएचओ | यूरोपेली नागरिक संरक्षण र मानवीय सहायता कार्य |
| एफएफडब्लु | कामका लाग खाद्यान्न |
| जिडीपी | कुल ग्राहस्थ उत्पादन |
| एचआइएमई | मानवीय सूचना व्यवस्थापन र आदानप्रदान |
| आइएएससी | अन्तरनिकाय स्थायी समिति |
| आईडीपी | आन्तरिक रुपमा विस्थापित व्यक्ति |
| आईएफआ"रसी | रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ |
| आइआइईडी | वातावरण र विकासका लागि अन्तर्राष्ट्रिय संस्था |
| आईओएम | अन्तर्राष्ट्रिय आप्रवासन संगठन |
| आईपीपीएफ | अन्तराष्ट्रिय योजनावद्ध अभिभावकत्व महासंघ |
| केवाइसी | आफ्नो ग्राहकलाई चिनौं |
| एमडीटीएफ | बहुदातृ कोष |
| एम एण् ई | अनुगमन तथा मुल्याङ्कन |
| एमइएल | अनुगमन, मूल्याङ्कन, जवाफदेहिता र सिकाई |
| गैसस | गैरसरकारी संस्था |
| एनआरसी | नर्वेजियन रिफ्यूजी काउन्सिल |
| ओसीएचए | मानवीय कार्य समन्वयका लागि राष्ट्रसंघीय कार्यालय |
| पिएएचओ | प्यान अमेरिकी स्वास्थ्य संगठन |
| पिएएसएसए | सुरक्षित आवास सचेतनाका लागि सहभागितामूलक अवधारणा |
| पिडिएनए | विपद्पछिको आवश्यकता लेखाजोखा |
| आरसिटी | क्रमरहित नियन्त्रित परीक्षण |
| एसआरएच | यौन तथा प्रजनन् स्वास्थ्य |
| यूसिटी | विनासर्त नगद प्रवाह |
| यूएनडीपी | राष्ट्रसंघीय विकास कार्यक्रम |
| यूएनडिएसी | राष्ट्रसंघीय विपद् समीक्षा तथा समन्वय |
| यूएनआइएसडीआर | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्र संघीय कार्यालय |
| डब्लुएएसएच | खानेपानी, सरसफाइ र स्वच्छता |

# परिचय

मानवीय विपद्हरूमा भूकम्प विविध तरिकाले पृथक छ । त्यसबाट यातायात पूर्वाधार (जस्तैः सडक, पुल) ध्वस्त हुनसक्छ, जसले प्रभावित क्षेत्रमा सञ्चार र पहुँचमा व्यवधान खडा हुनजान्छ । ठूलो मात्रामा जम्मा हुने भग्नावशेषले पनि यातायातको मार्ग बन्द गरिदिनसक्छ र पुनर्निर्माणका प्रयासहरू सुरु गर्नं अघि अवरुद्ध सडक खुला गरिनुपर्छ । भूकम्पमा मृत्यु र चोटपटकको दर उच्च हुने गर्छ किनभने ध्वस्त हुने भवनहरूबाट ठूलो संख्यामा मानिसहरूको मृत्यु र घाइते हुनसक्छन् । अर्कोतर्फ त्यसको प्रभाव अन्य प्रकारका प्राकृतिक विपद्हरू भन्दा भौगोलिक रुपमा बढी केन्द्रित हुनेगर्छ । (कोसग्रेभ, सन् २००८)

भूकम्पसँग सम्बन्धित अर्को खतरा भनेको पराकम्पहरूको सम्भावना हो, जसले पुनर्लाभ र प्रतिकार्य प्रयासहरूलाई अवरुद्ध गरी थप क्षति पुर्याउनसक्छ । जापानमा सन् २०११ म गएको भूकम्प यसको राम्रो उदाहरण हो : भूकम्पपछि सुनामी र आणविक दुर्घटना भएको थियो । अर्को उदाहरण हेइटीको हो, जहाँ सन् २०१० भूकम्पपछि नसोचिएको हैजाको महामारी फैलियो (ग्रुनेवाल्ड र अन्य, २०११:१६) । अन्त्यमा भूकम्प आउने क्रम त्यति छिटोछिटो नभएकाले विपद् जोखिम न्यूनीकरणका प्रयासहरू अन्य, बढी आईरहने प्रकृतिका विपद्हरूमा केन्द्रित हुनेगर्छन् (कोसग्रेभ, सन् २००८) ।

कमजोर वा विकासोन्मूख देशहरूमा ठूला भूकम्पले विकासको घडीलाई धेरै बर्ष वा दशकौंले पछाडी फर्काइदिन सक्छ । भूकम्प उन्मूलन गर्न असम्भव छ, तर भूकम्पको जोखिममा रहेका अधिकांश क्षेत्रहरूका बारेमा जानकारी हुने भएकाले मानवीय प्रतिकार्यलाई सुदृढ तुल्याउन र 'अझ राम्रो र बलियो निर्माण' गर्न विगतका अनुभवहरूबाट सिकेर पूर्वतयारी गर्न सम्भव छ ।

यो कार्यपत्रमा सुख्खा भूमिमा भएको कुनै पनि प्रकारको भूकम्पपछि विगतमा भएका मानवीय प्रतिकार्यबाट पाठ सिक्न सान्दर्भिक अप्रकाशित र प्रकाशित लिखतहरूको समीक्षा गर्दछ ।[1] हामीले भूकम्पको म्यूनिख आरई परिभाषा प्रयोग गर्छौं : 'पृथ्वीको कम्पन जसको प्राकृतिक उत्पत्ति पृथ्वीको सतहमूनी छ । त्यसको कारणको आधारमा विवर्तनिक (टेक्टोनिक), ज्वालामुखीय (भोल्कानिक), निपाद (कोल्याप्स) भूकम्पहरू र सुनामीबीच भिन्नता रहन्छ' (म्यूनिख आरई, २०१५) । सिकाईहरू विभिन्न क्षेत्रमा विगतमा भएका मानवीय प्रतिकार्यबाट संकलन गरिएका हुन् । मानवीय प्रतिकार्यलाई 'मानव सिर्जित संकट र प्राकृतिक संकटले निम्त्याउने विपद्को समयमा र त्यसपछि जीवन बचाउने, पीडा कम गर्ने र मानव निष्ठा कायम गर्न' लक्षित कार्यहरूका रुपमा परिभाषित गर्न सकिन्छ (डेभेलपमेन्ट इनिसिएटिभ्स्, २०१८) । यस कार्यपत्रका लागि समीक्षा गरिएको लिखतका आधारमा भूकम्पपछि गरिने मानवीय प्रतिकार्य मुख्यतः देहाय अनुसारका क्षेत्रहरूमा विस्तारित हुन्छन् : भग्नावशेष व्यवस्थापन, आश्रय, स्वास्थ्य, जीविकोपार्जन र आर्थिक पुनर्लाभ, खानेपानी, सरसफाई र स्वच्छता (वास), शिक्षा, खाद्य सुरक्षा, पोषण र संरक्षण । सान्दर्भिक भएको अवस्थामा सिकाईहरूलाई क्षेत्र-विशेष आधारमा प्रस्तुत गरिएका छन् ।

यस कार्यपत्रको अन्तिम लक्ष्य विगतका तुलनायोग्य विपद्हरूको अनुभवबाट सिक्दै भूकम्पको अवस्थामा भविष्यमा गरिने मानवीय प्रतिकार्यमा समावेश गरिनुपर्ने खास विषयहरूमाथि प्रकाश पार्दै मानवीय कार्यक्रम निर्माण कार्यलाई सुधार गर्नं रहेको छ । अल्नाप सिकाईपत्रहरूको प्राथमिक पाठक भनेको मानवीय कार्यकर्ता/अभियन्ताहरू हुन् ।[२] त्यसैकारण यो कार्यपत्र परियोजना चक्रको विभिन्न चरण अनुसार व्यवस्थित गरिएको छ, जसले गर्दा हरेक चरणमा के सुधार गर्न सकिन्छ भनेर निर्धारण गर्न सकियोस् । प्रतिवेदनको संरचनामा सबै मानवीय परियोजनाहरूले समावेश गर्नं पर्ने अन्तरनिकाय स्थायी समिति (आइएएससी) का छ वटा चरणहरूलाई प्रतिबिम्बित गर्दछ : (ख) समीक्षा र विश्लेषण, (ग) रणनीतिक योजना (घ) स्रोत परिचाल (ङ) कार्यान्वयन, र (च) अनुगमन, मुल्याङ्कन, जवाफदेहिता र सिकाई (मिल) ।

त्यसैकारण, सिकाईपत्रले देहाय अनुसारको अनुसन्धान प्रश्नको उत्तर दिने प्रयास गर्दछ :

**परियोजना चक्रभर, सन् २००८ यता गएको भूकम्पपछिको क्षेत्रगत र बहुक्षेत्रगत मानवीय प्रतिकार्यहरुबाट के पाठ सिक्न सकिन्छ ?[३]**

यस पछिको अध्यायमा सिकाईहरू संकलन गर्न प्रयोग गरिएको विधि प्रस्तुत गरिएको छ भने त्यसपछिका अध्यायहरूमा ती सिकाईहरूलाई परियोजनाको हरेक चरणमा लागु गर्ने काम गरिएको छ ।

# कार्यविधि

यो सिकाई पत्र सन् २०१८ को जुन देखि अगस्ट महिनामा गरिएको उपलब्ध लिखतहरूको संरचनागत समीक्षाको परिणाम हो । यसमा प्रयोग गरिएको विधि अल्नाप सचिवालयले सन् २०१७ मा विकास गरेको सिकाई पत्र : विधि टिप्पणी (Lessons Papers;\ a\ :ethods Note) मा व्याख्या गरिए अनुरुप रहेको छ (डिल्लोन र क्याम्बेल, २०१८) । यस सम्बन्धमा जुन २०१८ मा की ऐन कन्सल्टीङ्गले प्रारम्भिक प्रतिवेदन तयार गरेको थियो जसलाई अल्नापले समीक्षा गरेको थियो । यसको प्रयोजन मानवीय प्रणालीले उत्पादन गरेको प्रमाणप्रति समावेशी अवधारणा कायम गर्दै लिखत समीक्षाको कठोरतालाई सुनिश्चित गर्नं रहेको थियो । विधिको विस्तृत रुप यस पत्रको परिशिष्टमा प्रस्तुत गरिएको छ ।

यो पत्र पाकिस्तान (सन् २००५), चीन (सन् २००८), हेइटी (सन् २०१०), न्यूजीलैण्ड (२०११), जापान (सन् २०११) र नेपाल (सन् २०१५) मा गएका ठूला भूकम्पहरूलाई समेटेर सन् २००८ यता प्रकाशित विविध प्रकारका दस्तावजहरू (जस्तैः प्राज्ञिक लेख, मुल्याङ्कन प्रतिवेदन, सिकाई पत्रहरू) मा आधारित छ । यसले नियतवश विपद् पूर्वतयारीसँग सम्बन्धित सिकाईहरूलाई समावेश नगरी पूर्णत भूकम्पपछिको प्रतिकार्यमा केन्द्रित रहेको छ, किनभने भूकम्पअघि लागु गरिएका प्रतिकार्यहरू सम्पूर्ण रुपम अलग सिकाई पत्रको विषय बन्नसक्छ ।

केही विषयहरू (जस्तैः भूकम्पपछि लाशको व्यवस्थापन, खोज तथा उद्दार टोलीसँगको कार्य, वा भग्नावशेषमा रहेको जोखिमयुक्त सामग्रीको व्यवस्थापन) का लागि रुजु गरिएको दस्तावेजहरूमा तुलनात्मक रुपमा निकै कम जानकारी छ । त्यसैकारण यस पत्रले ती विषयवस्तुलाई विस्तृत रुपमा समेटेको छैन । पत्रमा मिल अर्थात अनुगमन, मुल्याङ्कन, जवाफदेहिता र सिकाईबारे पनि सीमित सिकाई संलग्न छ, किनभने भूकम्पपछिको अवस्थामा गरिने मुल्याङ्कनका चुनौतीहरू बारे निकै कम दस्तावेजहरूमा उल्लेख गरिएको छ ।

यस पत्रमा उल्लेख गरिएका पाठहरू सकेसम्म भूकम्प-सान्दर्भिक हुनेतर्फ लक्षित छन् तर केही अवस्थामा लेखकहरूले भूकम्प-सान्दर्भिक नभए तापनि कुनै विषयवस्तुबारे सिकाईहरू समावेश गर्ने निर्णय गरे । हरेक विषयमा सो सिकाई किन समावेश गरियो भन्ने बारेमा व्याख्या गरिएको छ । यो पत्र प्राथमिक रुपमा मानवीय कार्यकर्ता/अभियन्ताहरूमाथि लक्षित रहेको कुरालाई दृष्टिगत गर्दा लेखकहरूले सबै सिकाईहरूलाई सकेसम्म व्यवहारिक बनाउने प्रयास गरेका छन्, र विगतका अवस्थाहरूमा मानवीयकर्ताहरूले सामना गरेका मुद्दा र सम्भावित समाधान (हरू) दुवैलाई प्रस्तुत गरेका छन् । तथापि, केही अवस्थाहरूमा, समाधानहरू प्राप्त गर्न सकिएन वा विश्लेषण गरिएका दस्तावेजहरूमा उपलब्ध थिएनन् र त्यस्तो अवस्थामा सिकाईमा सम्भावित समाधानहरू उल्लेख गरिएका छैनन् ।

लिखत समीक्षा गरिनु अघि कुन दस्तावेजहरू सो कार्यका लागि योग्य छन् भन्ने निर्धारण गर्ने कडा परीक्षण कार्य भयो । अनुसन्धान प्रश्नका सम्बन्धमा परिभाषित खोजको आधार प्रयोग गर्दै लेखकहरूले सम्बन्धित तथ्याङ्काहरुको सूचीबाट कुल ३,९७१ अभिलेखहरू पहिचान गरे (खोजी आधार र तथ्याङ्काधारको पूर्ण सूचीका लागि परिशिष्ट २ हेर्नुहोस्) । परीक्षणबाट तयार भएको छोटो सूचीका दस्तावजेहरूको शीर्षक र सारको आधारमा लेखकहरूले अनुसन्धान प्रश्नसँग असान्दर्भिक रहेका ३,८३२ अध्ययनहरूलाई बाहिर राखे । बाँकी सबै १३९ अध्ययनहरूलाई जोटेरोमा नामक सफ्टवेयरमा राख्दा ५१ प्रतिलिपि पहिचान भएकाकारण तीनलाई पनि हटाइयो । त्यसपछि लेखकहरूले बाँकी ८८ वटा दस्तावेजहरूको पूर्ण लिखतलाई जाँच र परीक्षण गरी थप २२ वटा अध्ययनहरूलाई बाहिर राखे, किनभने तिनमा की त सिकाईहरू समावेश गरिएको थिएन या ती पूर्णतः विपद् पूर्वतयारीमा केन्द्रित थिए, जुन यस अघि उल्लेख गरिएझैं यस पत्रको कार्यक्षेत्र भन्दा बाहिर पर्छ । त्यसपछि बाँकी ६६ वटा दस्तावेजहरूलाई गुणस्तर समीक्षाको चरणमा लगियो (गुणस्तर समीक्षा माध्यमका लागि परिशिष्ट २ हेर्नुहोस्) ।

अध्ययन ढाँचा र कार्यविधिको समग्र कमजोर गुणस्तरलाई दृष्टिगत गरी लेखकहरूले कुनै पनि अध्ययनलाई (एउटा बाहेक, जुन अर्को अध्ययनको उद्धरण थियो) गुणस्तरको मापदण्डको आधारमा हटाउने निर्णय लिएनन् । कमजोर गुणस्तर यो तथ्यबाट व्याख्या गर्न सकिन्छ कि धेरै अध्ययनहरू सिकाई पत्र थिए, जसको प्राथमिक उद्देश्य पद्धतिमा कडाई गरिएको देखाउने भन्दा पनि पहुँचयोग्य हुने थियो । तथापि, समावेश गरिएका सबै ६५ पत्रहरूको आधार परियोजनाका सरोकारवालाहरू (जस्तैः संकटप्रभावित व्यक्ति, कार्यान्वयन निकाय, स्थानीय निकाय) बाट तथ्याङ्क संकलन गरिएको र लेखकहरूको विचारको प्रतिबिम्व मात्र नभएको उल्लेख गरेका थिए । यस दस्तावेजका लेखकहरूले ती विभिन्न पत्रहरूको प्रयोग उदाउँदो सिकाईहरूलाई त्रिभुजमा ल्याउन र विश्लेषणको विश्वसनीयता सुनिश्चित गर्न प्रयोग गरे ।

फलस्वरुप, लेखकहरूले ६५ वटा अध्ययनहरूलाई समावेश गर्न छनौट गरे । त्यसपछि तथ्याङ्क निष्कर्षण तालिका (डेटा एक्स्ट्र्याक्सन मेट्रिक्स) को प्रयोग गरी सान्दर्भिक तथ्याङ्कलाई निष्कर्षण गर्ने र संकेत (कोड) दिने काम गरे (तथ्याङ्क निष्कर्षण साधनका लागि परिशिष्ट २ हेर्नुहोस्) ।)

## विश्वासको स्तर निर्धारण

पाठकहरूलाई हरेक सिकाईलाई समर्थन गर्ने प्रमाणको गुणस्तर र सीमाबारे बुझ्न मद्दत गर्न लेखकहरूले हरेकका लागि एउटा विश्वासको स्तर निर्धारण गरेका छन्, जहाँ १. न्यून विश्वास, २. मध्यम विश्वास, ३. उच्च विश्वास, र ४. धेरै उच्च विश्वास रहेको छ। यो गणना सो सिकाईमा उदृत हरेक दस्तावेजको औसत गुणस्तर अंक, सो सिकाई आधारित रहेको दस्तावेजहरूको संख्या, र औसतको तुलनामा सो सिकाईको विचलनमा आधारित छ। सबै सिकाईहरूलाई प्रदान गरिएको अंकको पद्धतिका साथै अंक तालिका (स्कोरिङ्ग मेट्रिक्स) परिशिष्ट १ र २ मा उपलब्ध छ)।

प्रतिवेदनमा सिकाईहरूलाई अंक प्रदान गर्न प्रयोग गरिएको विश्वास दरका उदाहरणहरू देहाय अनुसार रहेका छन् :



# सिकाईहरू

## क. परियोजना चक्रमा

यो भागमा दस्तावेजहरूको समीक्षाबाट आएका सम्पूर्ण भूकम्प प्रतिकार्य परियोजना चक्रमा लागु हुने सिकाईहरूलाई सम्बोधन गरिएको छ । यी सिकाईहरू सर्वाधिक महत्वका छन् स मानवीय समुदायले निर्माण गर्ने भूकम्पपछिको प्रतिकार्यमा यसले स्तम्भहरूको काम गर्नेपर्छ । यी सिकाईहरू (वा त्यसका अन्तर्वस्तु) धेरै दस्तावेजहरूमा पाइनुले यी सिकाईहरूको महत्वलाई प्रमाणित गर्छ ।

**सिकाई १ :** स्थानीय र राष्ट्रिय पात्रहरूसँग अझ विस्तृत र द्रुत गतिमा काम गर्ने - भूकम्पपछि सबैभन्दा प्रभावित समुदाय र निकायहरूसँग केही स्तरको क्षमता हुन्छ ।

**उच्च विश्वास**

भूकम्प (वा अन्य कुनै पनि संकटपछि) स्थानीय समुदाय र सरकारहरू असहाय बन्नपुग्छन् भन्ने गलत बुझाई व्याप्त छ । त्यसविपरित, यस सिकाई पत्रका लागि समीक्षा गरिएका दस्तावेजहरूले सबैभन्दा नराम्रोसँग प्रभावित पात्र/पक्षहरूसँग पनि केही स्तरको क्षमता बाँकी हुन्छ भन्ने देखाउँछ । उदाहरणका लागि समुदायहरूले स्वसंगठित हुन आफ्ना सञ्जाल, सीप, नेतृत्व र क्षमतामा निर्भर गरी पूर्वाधारको भौतिक विनाशबाट बाहिर आउनसक्छन् । एउटा सिकाईपत्रले धेरै संकटहरूमा समुदायहरू नै 'पहिलो प्रतिकार्यकर्ता' हुने गरेको उल्लेख गरेको छ (एससिएपीएस, २०१५:१) ।

हेइटीमा सन् २०१० मा गएको भूकम्पपछि नागरिक समाजका संस्थाहरूले प्रभावित र विस्थापित व्यक्तिहरूलाई तत्काल सहायता उपलब्ध गराउन सक्रिय भूमिका निर्वाह गरे (तथापि, संस्थाका कर्मचारी र तिनका परिवारहरू पनि प्रभावित थिए) । देशमा नागरिक समाज संस्थाको प्रचलन पहिला देखि नै बलियो भएको कारण यो सम्भव भएको हो (आइएएससी, २०१०:७) । यसैगरी पेरुमा सन् २००७ मा गएको भूकम्पपछि राहत सामग्री वितरण गर्न र अनौपचारिक संस्थागत सहयोग उपलब्ध गराउनमा नागरिक समाजका संस्थाहरू (विशेषगरी क्याथोलिक चर्चसँग सम्बन्धित) ले सक्रिय भूमिका निर्वाह गरे । (एलआवार र कास्टिलो, २००८:१३) । राहत कार्यहरूमा नागरिक समाजका संस्थाहरूसँगको सहकार्यलाई एउटा महत्वपूर्ण पक्षको रुपमा मान्यता प्रदान गरिएको भए तापनि समीक्षा गरिएका धेरै दस्तावेजहरूले मानवीय कर्मीहरूले नागरिक समाजसँगको आफ्नो संलग्नता बढाउनु पर्ने आवश्यकता रहेको उल्लेख गरेका छन् । हेइटीमा तत्काल सहायता उपलब्ध गराउने नागरिक समाजको भूमिका उल्लेख गरेकै प्रतिवेदनमा नागरिक समाज र स्थानीय निकायलाई सहभागी गराउने र समन्वय संयन्त्रहरूमा उनीहरूलाई संलग्न गराउने व्यवस्थित पद्धतिको प्रतिकार्यमा अभाव रहेको पनि पाइएको थियो (आइएएससी, २०१०) । संलग्नता र सहभागिताको यो अभावले आफू काम गरिरहेको परिस्थिति र उपलब्ध गराइएको सहायताको दिगोपनाबारे मानवीय कर्ताहरूको बुझाईलाई नकारात्मक रुपमा प्रभावित गर्यो । त्यसले राष्ट्रिय र/वा स्थानीय क्षमता विकासलाई पनि उपेक्षा गर्यो (आइएएससी, २०१०) ।

यस्तै अवस्था अन्य ठाउँमा पनि देखियो । चीनको वेन्चुवानमा सन् २००८ मा गएको भूकम्पपछि मानवीय समुदायले सामना गरेको सबैभन्दा महत्वपूर्ण चुनौती भनेको सामान्य अवस्थामा र समुदायमा आधारित विपद् व्यवस्थापन संस्था र समन्वय संयन्त्रहरूको निर्माणमा सामुदायिक सहभागिताको न्यून स्तर थियो (चेन र अन्य, २०१६:११०) । नेपालमा एउटा प्रतिवेदनले विभिन्न संकटासन्न समूहहरूलाई प्रतिनिधित्व गर्ने र उनीहरूका आवश्यकताहरू बुझ्ने असंख्य नागरिक समाजका संस्थाहरू रहेपनि अन्तराष्ट्रिय मानवीय पात्रहरूले यी समूहहरूसँग अग्रसक्रिय रुपमा साझेदारी नगरेको र नागरिक समाजका संस्थाहरूलाई राष्ट्रसङ्घीय क्लस्टर प्रणालीमा राम्रोसँग एकीकृत नगरिएको उल्लेख गरेको थियो । यो प्रतिकार्य कार्यक्रमलाई सूसुचित गराउने एउटा बहुमुल्य स्रोतको उपयोग गर्ने अवसर गुमेको अवस्था हो (बार्बर, २०१६) । नागरिक समाजका संस्थाहरूसँगको साझेदारीलाई अभिवृद्धि गरेको सुनिश्चित गर्न समग्रमा विश्वव्यापी मानवीय प्रणालीको ढाँचाको पुनरावलोकन गरिनु जरुरी छ । (आइएएससी, २०१०:२)

वास्तवमा, स्थानीय सरकारहरूसँग अझ नजिकमा रहेर काम गर्न आवश्यक छ । सही आंकडा प्राप्त गर्न कठिन भएपनि सन् १९९० यता दातृ निकायहरूबीच अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्था (गैसस) हरूलाई प्रत्यक्ष सहायता उपलब्ध गराउने प्रवृत्ति देखापरेको छ, जसलाई असक्षम वा भ्रष्ट सरकारी निकायहरूलाई उपेक्षा गरिएको भनी लिन सकिन्छ । यद्यपि, यो अवधारणाले सरकारहरूको क्षमतालाई थप अवमुल्यन गर्ने काम गर्न सक्छ, किनभने गुणस्तरीय सेवा उपलब्ध गराउन उनीहरू भूकम्पपछिको अर्थ व्यवस्थापनमा संङघर्षरत छन् । पुनर्लाभ पछिको चरणमा त्यस्ता आधारभूत सेवाहरूको दिगोपनाका लागि राष्ट्रिय सरकारहरू जिम्मेवार हुन्छन् र यसरी सरकारहरूलाई उपेक्षा गर्नाले दीर्घकालीन क्षमता र जवाफदेहिताका सवालहरू आउनसक्छन् । (अन्सारी, २०१०बी; हार्टबर्ग र अन्य, २०११)

यी चुनौतीहरूलाई पार गर्न समीक्षा गरिएका दस्तावेजहरूले नागरिक समाजका संस्था र स्थानीय सरकारी पक्षहरूसँगको संलग्नता विस्तारित र द्रुत गतिमा अघि बढाउनुपर्ने सुझाव दिन्छन् । कसरी संलग्नता बढाउने भन्ने बारे मुख्य सिकाईहरू देहायअनुसार रहेका छन् :

- सरकारहरूलाई उच्च गुणस्तर र दिगो सेवाहरूको निर्माण गर्न सहयोग पुर्याउन सरकारी क्षमता विकासलाई सबै भूकम्प पुनर्लाभ योजनाहरूमा एकीकृत गर्ने (अन्सारी, २०१०बी:२) । यसमा सरकारी निकायहरूसँग कुनै संस्थाको समन्वय सुदृढ गर्ने रणनीतिको विकास गर्ने, र विभिन्न तहमा, र विशेषगरी स्थानीय निकायहरूमा विस्तृत क्षमता विकास सुनिश्चित गर्न कसरी स्रोत विनियोजन गर्ने भन्ने बारेमा योजना निर्माण गर्नेलगायतका कार्य समावेश हुनसक्छन् (म्यकगेयरटी र अन्य, २०१२) ।
- मानवीय सहायता राष्ट्रिय विकास प्राथमिकताहरूको अनुकूल भएको सुनिश्चित गर्ने (अन्सारी, २०१०ए) । यो पुनर्लाभ कार्य स्थानीय नेतृत्वमा सञ्चालन भएको सुनिश्चित गर्न महत्वपूर्ण छ, र त्यसले प्रभावित समुदायबीच विश्वसनियता बढाउने काम गर्छ । हेइटीका लागि बहुदातृ कोषमाथि विचार गर्दा यो अत्यावश्यक तत्वका रुपमा रहेको थियो । अक्सफामले उल्लेख गरे अनुसार (अन्सारी, २०१०ए), 'यदि बहुदातृ कोषलाई हेइटीमाथि विदेशी इच्छा लाद्न वा देशको विकासलाई बाहिरबाट नियन्त्रण गर्न खोजिएको वा बर्षौंको सरकारी अव्यवस्थापन र भ्रष्टाचारपछिको कुनै प्रकारको दण्डात्मक कदम हो भन्ने दृष्टिकोणबाट लिइयो भने त्यसले काम गर्दैन' ।

> *सबै भूकम्प पुनर्लाभ योजनाहरुमा सरकारी क्षमता विकासलाई एकीकृत गर्ने ।*

- विद्यमान स्थानीय ज्ञानलाई आधार बनाउने किनभने धेरै ठाउँमा भूकम्प आइरहने हुनसक्छ (जस्तैः हरेक १५ देखि २० बर्षमा आउने), जसको अर्थ धेरै प्रभावित व्यक्ति र स्थानीय संघसंस्थाहरूसँग उपयोगी अनुभव पहिला नै विद्यमान छ । उदाहारणका लागि, नेपालमा राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना २०७२ को भूकम्प अघि नै भइसकेको थियो, र भूकम्प प्रतिकार्यमा मात्र केन्द्रित धेरै स्थानीय गैससहरू पनि रहेका थिए (स्यान्डरसन र सामालिङ्गम, २०१५:६) । राष्ट्रिय र स्थानीय संस्थाहरूसँगको परम्परागत साझेदारीका अतिरिक्त विद्यमान ज्ञानको लाभ उठाउने एउटा प्रभावकारी विधि भनेको सबै प्रतिकार्य टोलीहरूमा राष्ट्रिय कर्मचारी संलग्न गरी उनीहरू व्यवस्थापन र निर्णय प्रक्रियामा प्रतिनिधित्व भएको सुनिश्चित गर्नु हो ।
- स्थानीय र राष्ट्रिय पात्रहरूसँग काम गर्ने सिर्जनात्मक शैलीका बारेमा विचार गर्ने र उनीहरूलाई परियोजना चक्रका विभिन्न चरणहरू पूर्ण अवधिभर संलग्न गराउने । फ्रान्सेली गैसस सोलिडेरिटेज इन्टरनेसनलले केही सान्दर्भिक संस्थाहरूसँग द्वीपक्षीय सम्बन्धको स्थापना गर्यो, जसमा पोर्ट अ प्रिन्स सिटी काउन्सील, सार्वजनिक मामिला, यातायात तथा सञ्चार मन्त्रालय र खानेपानी तथा सरसफाइका लागि राष्ट्रिय सचिवालय (डीआइएनइएपी) लगायत रहेका थिए । यी संस्थाहरूले सोलिडेरिटेज इन्टरनेसनल र यसका साझेदारहरूले कार्यान्वयन गरेको क्रियाकलापहरूको संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्यो (सोलिडेरिटेज इन्टरनेसनल, २०१७:२०-२१)

## सिकाई २ : भूकम्पपछि व्यवसायको निरन्तरता सुनिश्चित गर्नका लागि निजी क्षेत्रका संस्थाहरूको कामलाई मान्यता दिने, र त्यसलाई अवमुल्यन नगर्ने ।

### उच्च विश्वास

भूकम्प प्रतिकार्यको जटिल र चुनौतीपूर्ण प्रकृतिले मानवीय समुदायले एकल रुपमा काम गर्नसक्दैन र हुँदैन भन्ने देखाएको छ । विशेषगरी शहरी वातावरणमा निजी क्षेत्रका पात्रहरूले विभिन्न व्यावसायिक सेवाहरूको निरन्तरतालाई सुनिश्चित गर्न काम गर्छन् जस्तै : खानेपानी, सरसफाइ, टेलिकम, खाद्यान्न बजार, स्वास्थ्य आदि । (ग्रोप युआरडी, २०११:२) । निजी क्षेत्रका पात्रहरूसँग काम गर्न र त्यसका लागि अझ बढी सिर्जनात्मक अवधारणाहरूको विकास गर्न मानवीय समुदाय अझ बढी उदार हुन आवश्यक छ । (आईएएससी, २०१०; भट्टाचार्य र लोसियो, २०११)

निजी क्षेत्र प्राय मानवीय प्रतिकार्यमा सहभागी हुन इच्छुक हुने गर्छ । यो सहकार्य आवश्यक छ र परियोजना चक्रको सबै चरणहरूमा हुनुपर्छ ।[४] मानवीय पात्रहरूले आफ्ना प्रयासरुलाई देहाय अनुसार निर्देशित गर्नँपर्छ :

- निजी क्षेत्रबाट उपलब्ध वित्तीय स्रोतको जानकारी (आर्थिक सहयोग सुनिश्चित गर्न व्यावसायिक हित, प्राथमिकता र विधिहरूसमेत) मा सुधार गर्ने । त्यस्तो आर्थिक सहयोगबाट मानवीय क्षेत्रले लाभ लिन नसकेको धेरै उदाहरण छन् (भट्टाचार्य, २०१६) ।

- स्थानीय निजी क्षेत्रसँग अझ बढी संलग्न हुने, जसले गर्दा स्थानीय बजारलाई कुनै क्षति नपुगोस् र विद्यमान सेवाहरूको दोहोरोपना हटाउन सकियोस् । (विश्व बैंक) । उदाहरणका लागि, सन् २०१० को हेइटी भूकम्पपछि सेवा र वस्तु निःशुल्क उपलब्ध गराएर मानवीय समुदायको कार्यक्रमजन्य प्रयासले विद्यमान सेवा प्रदायकहरूबीच अनुचित प्रतिस्पर्धा सिर्जना गर्यो, र त्यसले विद्यमान अर्थतन्त्रमा थप क्षति पुर्याउने काम गर्यो । त्यस विपरित, पात्रहरू सकेसम्म उपलब्ध स्थानीय स्रोतहरूमा निर्भर हुनुपर्छ (सान्डरसन र रामालिङ्गम, २०१५:१०)

- जहाँ स्थानीय निजी क्षेत्रका पात्रहरूले काम गरिरहेका छन्, स्थानीय खरिदमार्फत वा विपद् प्रभावित घरपरिवारलाई नगद अनुदान र चेक वितरणमार्फत प्रतिकार्य दिने कुरामा उनीहरूमाथि निर्भर हुनेतर्फ विचार पुर्याउनुपर्छ । उदाहरणका लागि नेपालमा पछिल्लो अलनाप सिकाई पत्रमा आएको एउटा धारणा पर्यटनमा आएको कमिलाई पूर्ति गर्न मानवीय कर्ताहरूबाट यातायात, ढुवानी र सञ्चारका लागि स्थानीय टुर अपरेटरका सेवाहरूको उपयोग गर्न लगाउनु रहेको थियो । (सान्डेरसन र रामालिङ्गम, २०१५:१०) । निजी क्षेत्र पनि प्रभावित भई त्यसको कार्यसञ्चालन क्षमतामा क्षति पुगेको अवस्थामा अन्तर्राष्ट्रिय प्रतिकार्यकर्ता (रेस्पन्डर्स्) हरूले सो क्षेत्रलाई सहयोग गर्नेतर्फ विचार गर्नँपर्छ । यसमा स्थानीय पसलहरूलाई नगद अनुदान उपलब्ध गराउने कार्य समावेश हुनसक्छ, जसले गर्दा उनीहरूले आफ्नो भण्डार पुनस्थापित गरी आफ्नो व्यवसायलाई पुनःथालनी गर्नसक्नेछन् ।

## सिकाई ३ : विशेषगरी दुरदराजका समुदायसँगको सञ्चारसम्पर्कमा पूर्वाधार र पहुँचको चुनौतीहरूलाई व्यवधानको रुपमा आउन नदिने ।

**उच्च विश्वास**

> *"भूकम्पपछिको अवस्थामा ...सञ्चारको माध्यमे अभावले प्रभावित समुदायको सहभागिता सम्भव नहुनसक्छ, र त्यसबाट सहायताले उनीहरुका आवश्यकताहरु पूरा गरेको सुनिश्चित गर्ने प्रयासहरु विफल हुनसक्छन् ।"*

भूकम्पले सञ्चार पूर्वाधारलाई अवरुद्ध गर्न सक्छ र प्रभावित समुदायहरूसम्मको भौतिक पहुँच सीमित बनाई पारदर्शी प्रतिकार्य प्रवाह गर्ने कार्यलाई अझ जटिल बनाइदिन सक्छ । उदाहरणका लागि, नेपालमा जुलाई २०१० (भूकम्पको दुई महिनापछि) मा सेभ द चिल्ड्रेनले गरेको मुल्याङ्कनले ६६५ प्रतिकार्यकर्ताहरूमा 'भूकम्प प्रतिकार्यबाट लाभ उठाउन आवश्यक सूचनाको अभाव रहेको' पाएको थियो । मुल्याङ्कनमा 'सबै केन्द्रित समूहगत छलफलहरूमा मानिसहरूले पुनर्निर्माणका बारेमा कुनै जानकारी नरहेको बताएको' पनि उल्लेख गरिएको छ (बार्बर, २०१६:२१) । यी परिणामहरू कुनै एउटा खास कार्यक्रममा सीमित भएपनि यस पत्रका लागि हेरिएको अधिकांश मुल्याङ्कन प्रतिवेदनहरूमा अन्तर्राष्ट्रिय प्रतिकार्यकर्ताहरूले भूकम्पप्रभावित समुदायहरूसम्म आफ्ना प्रयासहरूलाई स्पष्ट रुपमा सञ्चार गर्न सङ्घर्ष गर्नँपरेको देखिएको थियो (रउसेल, २०१६) ।

भूकम्पपछिको अस्तव्यस्त परिस्थितिमा सञ्चारमा माध्यमहरूको अभावले प्रभावित समुदायहरूमाथि विभिन्न नकारात्मक प्रभावहरू पार्नसक्छ । यसमा देहाय अनुसारका हुनसक्छन् ः प्रभावित समुदायको सहभागिताको अभाव, जसले सहायताले उनीहरूका आवश्यकताहरू पूरा भएको सुनिश्चित गर्ने प्रयासलाई विफल बनाइदिनसक्छ (मुडी र अन्य, २०१८स८) स राजनीतिक कारणले सीमान्तकृत समुदायहरूसँग काम गर्न कठिनाई (ग्रुनेवाल्ड र बुरलाट, एन.डी.) स बढ्दो तनाव (रिस-गिल्डिया र मोल्स, २०१२:८१); र अनावश्यक अफवाहहरू नियन्त्रण गर्ने असक्षमता, जसले परिस्थितिलाई अझ खराब बनाउने काम गर्नसक्छ (सान्डरसन र रमालिङ्गम, २०१५:१७) ।

त्यस्तो अवस्थाबाट टाढा रहनका लागि मुख्य सिकाईहरूमा देहायअनुसार रहेका छन् :

- सञ्चारहरूलाई प्रयोग भइरहेको माध्यमहरू र लक्षित समूहहरू अनुकूलन बनाउने । विगतको अनुभवले स्थानीय विज्ञापन तथा मार्केटिङ्ग संस्थाहरूले मुख्य सन्देशहरू प्रवाह गर्न र सहरी केन्द्रहरूमा लक्षित समूहसम्म पुग्न मद्दत गर्नसक्छन् भन्ने देखाउँछ । (सान्डरसेन र अन्य, २०१२:११) । कम प्रयोग भएपनि स्थानीय रेडियोहरू नेपालका सीमान्तकृत समुदायहरूसम्म पुग्न प्रभावकारी सावित भए । (ग्रुनेवाल्ड र बुरलाट, एन.डी.) । सञ्चारका उपयुक्त माध्यमहरूको प्रयोगलाई अधिकतम गराउने प्रयास सदैव गर्नँपर्छ ।
- प्रभावित समुदायलाई सञ्चार गरिएको सूचना एकअर्कासँग नबाझिएको सुनिश्चित गर्ने - जसका लागि उपयुक्त समन्वय संयन्त्रहरू निर्माण गरिनुपर्छ (सान्डरसन र रमालिङ्गम, २०१५:१७) । उदाहरणका लागि, इरानमा गएको बाम भूकम्पपछि सूचना प्रणालीबाट विविध प्रकारका सन्देशहरू प्रभाव भइरहेको थियो, जसले सरकारी योजनाकर्ता र संकट-प्रभावित जनता दुवैलाई अन्योलमा पार्ने काम गरेको थियो (निकाई-मोगहदाम र अन्य, २०१६:९२)
- प्रभावित समुदाय उपलब्ध मानवीय सहायताका बारेमा सचेत मात्र नभई पृष्ठपोषण दिन र अनुगमनमा सहयोग गर्न पनि सक्षम रहेको सुनिश्चित गर्न सञ्चारलाई दुईतर्फी संयन्त्रको रुपमा प्रयोग गर्ने । उदाहरणका लागि, हेइटीमा रेडक्रस तथा रेडक्रिसेन्ट सोसाईटीहरूको अन्तर्राष्ट्रिय महासंघ (आइएफआरसी) ले संकट-प्रभावित व्यक्तिहरूसँग सञ्चार गर्न एउटा समर्पित टोलीको व्यवस्था गरेको थियो, जसले दुईतर्फी एसएमएस सन्देश प्रवाह सेवाको प्रयोग गर्यो । (रिज-गिल्डिया र मोल्स, २०१२:१९)

## सिकाई ४ : प्रतिकार्यको सबै चरणहरूमा लैङ्गिकता, सुरक्षा र वातावरणजस्ता अन्तरसम्बन्धित मुद्दाहरू समावेश गरिएको सुनिश्चित गर्ने ।

**मध्यम विश्वास**

कुनै पनि आपतकालीन स्थितिमा गरिने प्रारम्भिक प्रतिकार्यमा जस्तै कार्यान्वयनकर्ताहरूले सदैव अन्तरसम्बन्धित विषयहरूलाई मात्र प्राथमिकता दिदैनन् । यस पत्रका लागि समीक्षा गरिएको दस्तावेजहरूले सामान्यतया ती विषयहरूलाई प्रायः उपेक्षा गरिने देखाउँछ, जसको परिणामस्वरुप भूकम्पको सम्भावित नकारात्मक प्रभावहरूलाई झन बढाउने काम गर्छ ।

### भूकम्पलाई 'अझ हरित निर्माण'को अवसरका रुपमा उपयोग गरिनुपर्छ ।

भूकम्प प्रतिकार्यलाई हेर्दा वातावरण एउटा खास सान्दर्भिक अन्तरसम्बन्धित विषय हो, किनभने यस्तो प्रकारको प्राकृतिक प्रकोपको वातावरणमा गम्भीर अप्रत्यक्ष प्रभाव पर्दछ । भूकम्पमा भएको पूर्वाधार विनाशले वायुमण्डल र पानीमा प्रदुषणको मात्रा बढाउनसक्छ । उदाहरणका लागि, जापानको १९९५ कोबे भूकम्पमा सिर्जना भएको डायक्सिनको संख्या इटालीमा सन् १९७६मा भएको सेभेसो कृषि-रसायन प्लान्ट विस्फोटनको बराबर थियो (वेन्डेल्बो र अन्य, २०१६:५४) ।

यस्ता सम्भावित नकारात्मक प्रभावबारे कार्यक्रम कार्यान्वयनकर्ताहरू सचेत हुनुपर्छ, तर यस विषयमा लिखतहरूको अभावले वातावरणीय चासो तुलनात्मक रुपमा कम प्राथमिकताको विषय रहेको देखाउँछ । वास्तवमा वातावरण विभिन्न दस्तावेजहरूमा उल्लेख गरिएको पाइएपनि त्यस विषयमा उल्लेखनीय ध्यान वेन्डेल्बो र अन्य (२०१६) ले मात्र दिइएको पाइयो । सो अध्ययनको एउटा मुख्य पाठ भनेको मानवीय कर्ताहरूले भूकम्पलाई 'अझ हरित निर्माण'को अवसरका

रुपमा लिनुपर्छ । यसलाई उनीहरूले दिगो उर्जाका स्रोत र पुनर्निर्माण सामग्रीहरूको प्रयोग गरी, ध्वस्त उद्योगहरूमा स्वच्छ उत्पादन विधिको कार्यान्वयन, र सहरी सेवाहरू (फोहोर तथा ढल निकास प्रणालीसमेत) मा सुधार ल्याई स्थानीय पर्यावरणमा आधारित विपद् जोखिम न्यूनीकरणका अवधारणाहरूलाई प्रवर्द्धन् गरेर गर्नसक्छन् । (आइबीआइडी:५६)

'अझ बढी हरित पुनर्निर्माण'को अवधारणा एउटा मात्र दस्तावेजमा देखएपनि अन्य अध्ययनहरूमा भूकम्पपछि वातावरणमा थप जोखिम पुर्याउनबाट कसरी बच्ने भन्नेबारे सिकाईहरू समावेश थिए :

- नकारात्मक वातावरणीय प्रभाव निवारण वा कम गर्न प्रतिकार्यको कार्यान्वयनमा चालिनुपर्ने न्यूनीकरण, संस्थागत र अनुगमनका कार्यहरूलाई समेट्ने वातावरणीय अनुगमन योजनाको विकास गर्ने । यसका लागि परियोजनाको वातावरणमाथि पर्ने सम्भावित प्रभावको मुल्याङ्कन गर्न योजनाको चरणमा एउटा प्रारम्भिक वातावरणीय मुल्याङ्कन गर्न आवश्यक हुन्छ । (झा र अन्य, २०१०)
- स्थानीयरुपमा प्राप्त पुनर्निमार्ण सामग्रीको प्रयोग र देशको प्राकृतिक स्रोतको संरक्षण बीच उपयुक्त सन्तुलत सुनिश्चित गर्ने । हेइटी भूकम्पपछि आइएफआरसीको प्रतिकार्यले आफ्नो कार्बन उत्सर्जन कम गर्न यातायातबाट हुने उत्सर्जनलाई न्यून गर्ने प्रयास गर्यो । यद्यपि, व्यापक वनविनाशका कारण संस्थाले अन्ततः आवास पुनर्निर्माणमा आयातित काठको प्रयोग गर्ने विकल्प रोज्यो । (रिज-गिल्डिय र मोल्स्, २०१२:३२)
- कार्यक्रममा वातावरणीय संरक्षणका चासोहरू समावेश गर्न उपलब्ध मार्गनिर्देशनको प्रयोग गर्ने । झा र अन्यको (२०१०) सेफर होम्स्, स्ट्रङ्गर कम्यूनिटिज (सुरक्षित घर, बलियो समुदाय) मा एउटा अध्याय भग्नावशेष व्यवस्थापनमा पर्यावरणीय पक्षहरूलाई कसरी ध्यानमा राख्ने भन्ने तरिका उल्लेख छ, जसमा वातावरणीय जोखिम मुल्याङ्कन गर्ने र वातावरणीय अनुगमन योजनाको विकास गर्ने समावेश छ । यो मार्गदर्शन अत्यावश्यक रुपमा भूकम्प-निर्दिष्ट नभएपनि यसका अधिकांश सिफारिसहरू भूकम्प प्रतिकार्यमा लागु हुन्छन् ।

## भूकम्प प्रभावित समुदायको सुरक्षा सुनिश्चित गर्ने

अन्य कुनै संकट जस्तै भूकम्पले दुर्भाग्यवश अवैध ओसारप्रसार र आक्रमणको दर बढाउने काम गर्छ, जब केही पात्रहरूले विभिन्न सरकारी सेवाहरू अवरुद्ध भएको अवस्थाको फाइदा उठाउँछन् । यो सबै प्रकारका क्षेत्रहरू (जस्तै : ग्रामीण, अर्धशहरी र शहरी) मा हुनसक्छन् तर एउटा अध्ययन अनुसार : 'विपद्पछि एउटा शहरको सुरक्षाको अवस्थामा सहजै बढोत्तरी हुनसक्छ र धेरै लामो समयसम्म उच्चतहमा रहन्छ ।' (हिरानो, २०१२:७)

यो विचारलाई अन्य स्रोतहरूले पनि पुष्टि गर्छन् र सुत्नका लागि सडकमा बाहेक अन्य स्थान नहुने तथ्यका कारण प्रभावित समुदाय कसरी बढी जोखिममा छन् भन्ने देखाउँछ । उदाहरणका लागि, हेइटीमा अक्सफामले भूकम्पपछि सडकमा आक्रमणको शिकार हुन पुगेका र लुटिन पुगेका व्यक्तिहरूको भनाई संकलन गरेको थियो (अन्सारी, २०१०बी:४) । दुर्भाग्यवश अपराधको बढ्दो स्तर भूकम्पको धेरै बर्षपछि पनि कायमै रहेको देखिन्छ, जसमा एउटा प्रतिवेदनले दुई बर्षपछि पनि पोर्ट अ प्रिन्सका विस्थापितहरू रात्रिकालीन घुसपैठियाहरूबाट चिन्तित रहेको पाएको थियो, किनभने बलात्कार र हत्या अझै पनि सामान्य (तथापि कम उजुरी हुने) थियो (हिरानो, २०१२:७) ।

> *प्रभावित व्यक्तिहरु अझ बढी जोखिममा हुन्छन् किनभने उनीहरुसँग सडकमा बाहेक सुत्ने अन्य विकल्प रहँदैन ।*

उपयुक्त सुरक्षा उपायहरू सुनिश्चित गरिनु कुनै पनि भूकम्पपछिको प्रतिकार्यका लागि अति महत्वपूर्ण हुन्छ र कुनै पनि कार्यक्रमको ढाँचामा यो एकीकृत गरिनुपर्छ । यी विषयहरू प्रभावित व्यक्तिहरू र नागरिक समाजका संस्थाहरूसँगको परामर्शमा आधारित हुनुपर्छ । (अन्सारी, २०१०बी:४) । यस पत्रका लागि समीक्षा गरिएका दस्तावेजहरूले भूकम्पपछिको मानवीय कार्यक्रमहरूमा संरक्षणको विषयलाई कसरी समावेश गर्ने भन्ने बारेमा देहायका सिकाईहरू प्रस्तुत गर्छन् :

- राष्ट्रिय सरकार, संष्युक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय सैन्य कर्ताहरूबीच कार्यसञ्चालनजन्य पारदर्शिता र समन्वय सुनिश्चित गरी भूकम्पपछिको सुरक्षा अवस्थामा आउने ह्रासको स्थितिलाई पराजित गर्नं (अन्सारी, २०१०बी:४)
- के सुरक्षा आवश्यक छ र कुन क्षेत्रमा आवश्यक छ भनेर निर्धारण गर्न जोखिम समीक्षा गर्दा प्रभावित समुदायसँग परामर्श गर्ने । (आइबीआइडी)
- सुरक्षा अवस्थामा सुधार ल्याउन आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको शिविरमा (प्रहरी र संयुक्त राष्ट्र संघबाट सञ्चालित) रात्रिकालीन गस्ती बढाउनु । (आइबीआइडी)
- भूकम्पप्रभावित समुदायका लागि अस्थायी शिविरहरूको सुरक्षा बढाउनु, जस्तै : त्रिपालले छोपिएको झ्याल भन्दा काठको प्रयोग गर्ने वा ढोकाहरूमा तालाको प्रयोग गर्ने (हिरानो, २०१२:७) ।
- गिरोहहरूलाई बढावा नदिन वैधानिक समुदायमा आधारित संस्थाहरूसँग मात्र काम गर्ने (आइबीआइडी) ।

सबै व्यक्ति, र विशेषगरी सबैभन्दा संकटासन्नहरूको आवश्यकताहरूलाई पर्याप्त मात्रामा सम्बोधन गरिएको सुनिश्चित गर्ने । एउटा अध्ययनले नेपालको भूकम्पपछिको अवस्थामा मानवीय समुदायले शारीरिक दुरव्यवहराको सिकार भएका वा मानव बेचबिखनमा परेका महिला र वश्यकहरूलाई सुरक्षित स्थान उपलब्ध गराउन असफल भएको उल्लेख गरेको छ (चौधरी र अन्य, २०१७:३७) । समीक्षा गरिएका दस्तावेजहरूले भूकम्पपछिको कार्यक्रम निर्माणमा लैङ्गिकतालाई समावेश गर्न अझ धेरै काम गर्न बाँकी रहेको पुष्टि गर्छन् । यो विषय भूकम्प-निर्दिष्ट नभएपनि समीक्षा गरिएका अध्ययनहरूले महिला र बालिकाहरूका आवश्यकताहरूलाई भूकम्प प्रतिकार्यमा उपयुक्त ढंगबाट ध्यानमा नराखिएको तथ्यमाथि प्रकाश पार्छन् ।[६]

यस पाठका लागि गुणस्तरको स्तर ४८ मा २० अंक रहेको छ । निष्कर्षहरू ९ वटा दस्तावेजहरूमा पाइएका सिकाईहरूमा आधारित छन् । यो पाठले विश्वासको स्तरमा ४ मा २ अंक प्राप्त गरी, यस पाठका निष्कर्षहरूका लागि मध्यमस्तरको विश्वास रहेको संकेत गर्दछ ।

# ख. समीक्षा र विश्लेषण

परिस्थिति विश्लेषण सबै मानवीय कार्यक्रमहरूको आधार हो । मानवीय प्रतिकार्यको गुणस्तर केही हदसम्म प्रभावितहरूका परिस्थिति, आवश्यकता र क्षमताहरूलाई कति राम्रोसँग समीक्षा गरिएको र बुझिएको छ भन्ने कुराले निर्धारण गर्छ । भूकम्प प्रतिकार्य पनि यसमा अपवाद रहेन । यस पत्रका लागि समीक्षा गरिएका मुल्याङ्कनहरूले केही अवस्थामा संस्थाहरूले गुणस्तर आवश्यकता समीक्षा गर्न असफल रहेको पायो र यो असफलताले प्रतिकार्यको गुणस्तरलाई कसरी प्रभावित गर्यो भन्ने कुरा देखायो । विगतका प्रतिकार्यहरूको आधारमा यो भागले भूकम्पपछिको अवस्थामा गुणस्तर आवश्यकता समीक्षाको विकास कसरी गर्ने भन्नेबारेमा सिकाईहरू प्रस्तुत गर्छ ।

**सिकाई ५ :** विभिन्न व्यक्तिहरूमाथि भूकम्पले पृथक तरिकाले पार्ने प्रभाव स्वीकार्ने र पहिचान गर्ने विस्तृत समीक्षा/मूल्याङ्कन गर्ने ।

**उच्च विश्वास**

विपद्पछि कुन समुदाय सबैभन्दा प्रभावित छ र कुन समुदायसँग त्यसलाई सामना गर्ने क्षमता न्यून छ भन्ने कुरा निर्धारण गर्न मानवीय संस्थाहरूका लागि सदैव कठिन कार्य हो । कुन समुदाय भूकम्पबाट 'प्रत्यक्ष' वा 'सबैभन्दा' प्रभावित छ भन्ने कुरा निर्धारण गर्न असम्भवप्रायः छ, किनभने केही अवस्थामा देशमा सबै व्यक्ति कुनै न कुनै तरिकाले प्रभावित भएको हुनसक्छ । उदाहरणका लागि नेपालमा २०१५ को भूकम्पले ठूलो क्षेत्रलाई प्रभावित गर्यो, जसमा काठमाडौंका जनता देखि सबैभन्दा दुर्गम हिमाली क्षेत्रमा बसोबास गर्नेहरू सम्म थिए । (ग्रोप यूआरडी, २०११) । साथै गरिबी र संकटासन्नता विपद् अघि र पछि पनि प्रायः अन्तरसम्बन्धित हुनेगर्छ भने भूकम्पपछिको अवस्थामा सबैभन्दा प्रभावित व्यक्ति सबैभन्दा गरिब नै हुन्छ भन्ने पनि हुँदैन, किनभने ठोस सामग्रीको प्रयोग गरि बनेका भवनको स्वामित्व राख्ने र बसोबास गर्ने व्यक्तिहरू भग्नावशेषमा फस्ने सम्भावना बढी हुन्छ ।



नेपालमा भूकम्पपछि महिला र बालबालिकालाई लैङ्गिक हिंसा वा बेचबिखनजस्ता थप जोखिमबाट सुरक्षित रहन मद्दत गर्न दुर्गम समुदायका महिलाहरुलाई सुरक्षा र जोखिमताको लेखाजोखा गर्न तालिम दिइएको थियो । सौजन्य : रसेल वाटकिन्स/डिएफआईडी

अन्तर्राष्ट्रिय प्रतिकार्यकर्ताले समीक्षाहरू सदैव गर्नँपर्छ जसले गर्दा उनीहरूले विभिन्न समूहका व्यक्तिहरूमाथि परेको भिन्न प्रभावलाई बुझ्न सकुन् । त्यसैकारण, उनीहरूले बालबालिका, पुरुष, महिला, वृद्धवृद्धा, हालैका आप्रवासी, होस्ट समुदाय र विपद्पछि विशेष आवश्यकता हुने अन्य कुनै समूहको सबल पक्ष र संकटासन्नतालाई बुझ्न आवश्यक छ । विस्तृत समीक्षा गर्नका लागि मुख्य सिकाईहरू देहायअनुसार रहेका छन् :

- लिङ्ग, उमेर, जातियता र आम्दानीको आधारमा खण्डिकृत तथ्याङ्क संकलन गर्ने (एसिएपीएस, २०१५:१)
- संकटासन्न, सीमान्तकृत र ओझेलमा रहेका समुदायहरूप्रति विशेष ध्यान दिने । एसिएपीएस अनुसार २०१५ मा नेपालका दलित समुदायहरू आफ्नो सीमान्तकृत सामाजिक हैसियत, भेदभाव र बसोबास क्षेत्र (मूलधारका वस्तीहरूबाट टाढा रहेको एकान्त ठाउँ) का कारण राहत र पुनर्स्थापना कार्यक्रमहरूबाट प्रायः बहिष्कृत गरिए ।
- स्थानीय समुदायसँग प्रत्यक्ष रुपमा काम गर्ने र प्रभावित व्यक्तिहरूसँग अन्तरक्रिया र संवादका लागि माध्यम र स्थानको विकास गर्ने । यसले कार्यक्रमले सबैभन्दा संकटासन्नको आवाज सुनेको सुनिश्चित गर्नेछ, जो अन्यथा सरकारी वा समुदायमा आधारित संस्थाहरूमा प्रतिनिधित्व नभएको हुनसक्छ । (ग्रुनेवाल्ड र बुर्लाट, एन.डी.)
- समीक्षामा आफ्नो स्थानीय सन्दर्भको ज्ञान प्रस्तुत गर्न राष्ट्रिय कर्मचारीलाई सक्षम बनाउने, किनभने यसले प्रभावित समुदायका आवश्यकता अनुरुप प्रतिकार्यको निर्माण गर्न र टार्नसकिने गल्तीहरू निवारण गर्न मद्दत गर्नसक्छ । उदाहरणका लागि, हेइटीमा क्याथोलिक रिलिफ सर्भिसेसले राष्ट्रिय कर्मचारीहरूसँगको परामर्शपछि संस्थाले कर्मचारीको खर्च (पूर्व योजना अनुसार) समावेश रहेको कार्यक्रमको बजेट सार्वजनिक नगर्ने निर्णय गर्‍यो, किनभने त्यसो गर्दा फिल्ड कर्मचारीहरूलाई खतरा हुनसक्थ्यो (हिरानो, २०१२:२९)

विस्तृत समीक्षा गर्ने कार्य कुनै पनि विपद जटिल कार्य हुने भए तापनि त्यो भूकम्पपछिको अवस्था अझ बढी चुनौतीपूर्ण हुनेगर्छ । वास्तवमा पाठ १० मा थप छलफल गरिए जस्तै भूकम्पअघि देश भित्र रहेका कर्मचारी वा तीनका नातेदार विपदबाट प्रभावित भएको हुनसक्छन् । प्रभावित क्षेत्रमा बाहिरका कर्मचारीहरू ल्याउँदा पनि धेरै व्यवहारिक चुनौतीहरू छन् (जस्तैः अधिकांश भवनहरू भत्केको अवस्थामा उनीहरूलाई कहाँ राख्ने) (भट्टाचार्य र लोसियो, २०११) ।

## **सिकाई ६ :** शहरी क्षेत्रको आवश्यकता लेखाजोखाका विशेष चुनौतीहरू लाई मान्यता दिँदै आवश्यकता लेखाजोखाका सम्बन्धमा स्थापित भएका सर्वोत्तम अभ्यासको पालना गर्ने

**मध्यम विश्वास**

> *शहरी क्षेत्रमा संकटासन्न व्यक्तिहरुलाई प्रायः उपेक्षा गर्न सकिन्छ । यो भूकम्पपछिको अवस्थामा विशेष समास्याको रुपमा देखापर्छ, जहाँ ढिला नगरी ठूलो संख्यामा मानिसहरुलाई मानवीय सहायता पुऱ्याउनुपर्ने हुन्छ ।*

भूकम्पले शहरी र ग्रामीण क्षेत्र दुबैलाई व्यापक रुपमा प्रभावित तुल्याउँछ ।[७] यद्दपि, शहरी विपद सम्बन्धमा एएलनएपि (अल्नाप) को पछिल्लो सिकाई समबन्धि दस्तावेजमा सुझाइए अनुरूप, हालका दशकहरूमा बढ्दो शहरी जनसंख्याका कारण विपदले शहरलाई प्रभावित गर्ने सम्भावना अत्याधिक रहेको छ (सेन्डर्सन एट अल, २०१२:घ) । तुलनात्मक रूपमा ग्रामीण क्षेत्रको आवश्यकता लेखाजोखा गर्नेतर्फ मानवीय समूदायको अनुभव अत्याधिक रहेकाले यसले धेरै चुनौतीहरू देखा पर्दछन् । (ग्रुनेवाल्ड एट अल, २०११:५; सेन्डर्सन एट अल., २०१४:४) । हेइटिको २०१०को भूकम्पको लेखाजोखाले शहरी क्षेत्रको आवश्यकता लेखाजोखा गर्दा निम्न चुनौतीहरू रहने कुरा देखाएको थियो :

- जनसंख्याको ठूलो घनत्वका कारण जोखिम वर्गमा पर्ने जनसंख्या उपर ध्यान नजाने उच्च सम्भावना रहन्छ ।
- जनसंख्याको निरन्तरको गमन-आगमनका कारण शहरी क्षेत्रलाई स्थिर चित्रमा प्रतिनिधित्व गर्न धेरै कठिन हुन्छ ।
- विभिन्न प्रकारका जनसांख्यिक समूह संगसंगै बस्ने हुँदा जोखिममा रहेका समुदायलाई लक्षित गर्न कठिन हुन्छ । (जस्तै : गरीब र धनाढ्य रहने क्षेत्रहरू सँधै छुट्टिएको हुँदैन ।)

यी सबै कारणले, शहरी क्षेत्रमा जोखिममा रहेको जनसंख्या सजीलै उपेक्षामा पर्न सक्छ । विशेष गरी भूकम्प पछि जनसंख्याको ठूलो भागलाई अविलम्ब रूपमा मानवीय सहायता उपलब्ध गराउनुपर्ने अवस्थामा यो काम समस्यापूर्ण हुन सक्छ (सेन्डर्सन एट. अल, २०१२) ।

हेटिमा २०१० को प्रतिकार्यले पनि शहरी परिवेषमा आवश्यकताको लेखाजोखाको सन्दर्भमा मानविय समूदायमा तयारी र ज्ञानको कमी रहेको देखियो (ग्रुनेवाल्ड एट अल, २०११स हिरानो, २०१२) । अन्तर निकाय स्थायी समिति (आइएएससि) ले उल्लेख गरे अनुसार, 'अधिकांश मानविय संघ (संस्थाहरूका लागि शहरी परिवेषमा काम अझै पनि नौलो नै छ.....शहरी परिवेषको विपदलाई सहायता प्रणालीले उपयुक्त तवरले सम्वोधन गर्नका लागि ज्ञान र तालिम दुवै विकास गर्न आवश्यक छ' (आइएएससि, २०१०:२५) । अन्तर्राष्ट्रिय समुदायले यी मुद्दाहरूलाई निम्नानुसार सम्बोधन गर्न सक्छन् :

- आफु संग नरहेको ज्ञान वा जानकारी भएको साझेदारसंग काम गर्ने,
- वास्तविक आवश्यकताका बारेमा बुझ्न प्रभावित व्यक्तिहरूसंग कुराकानी गर्ने,
- र सो विषयमा तालिम प्राप्त गर्न मानविय कार्यकर्ताहरूलाई प्रोत्साहन गर्ने ।

यस सम्बन्धमा थप जानकारीका लागि, शहरी परिवेषमा आवश्यकता लेखाजोखा सम्बन्धि श्रोतहरू, जस्तै, ईन्टरनेशनल ईन्स्टिच्युट फर ईन्भारन्मेन्ट एण्ड डिभेलपमेन्ट (आइआइइडि) को आवश्यकता लेखाजोखाको संयन्त्र, प्रतिकार्य विश्लेषणको खाका तथा शहरी मानविय प्रतिकार्यलाई लक्षित गर्ने सम्बन्धमा निर्देशिकाहरू हेर्नुहोस् ।

## **सिकाई ७ :** आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू र होस्ट समुदायहरूबिचको तनावलाई नबढाउने गरी लेखाजोखा गर्ने

**न्यून विश्वास**

भूकम्प प्रभावित व्यक्तिहरूलाई (विस्थापित भई शिविर वा छुट्टयाईको अन्य क्षेत्रमा बस्दै आएका) सहायता प्रदान गर्दा आधारभूत आवश्यकता पूरा गर्न संघर्ष गर्दै गरेका तर 'प्रभावित नभएका' भनी छुट्टयाईएका छिमेकी जनसंख्यासंग भने तनाव सृजना हुन सक्ने जोखिम रहन्छ । यस्तो परिस्थितिमा विशेष गरी विस्थापित जनसंख्यालाई स्थान दिंदा त्यस्ता समुदायले थप खर्च व्यहोर्नुपर्ने हुँदा त्यस्तो सहायता अनुचित वा अन्यायपूर्ण तवरले वितरण गरिँदैछ भन्ने सोचको सृजना हुन सक्छ । यो सिकाई भूकम्पको बारेमा मात्र नभएकोले प्रभावित जनसंख्यामध्ये जोखिममा परेका समूहलाई लक्षित गर्न अधिकांश संस्थाहरूले संघर्ष गर्नुपरेको कुरा विभिन्न मूल्यांकनहरूले देखाएकाले यहां उल्लेख गर्न सान्दर्भिक छ ।[८]

सन् २०१० मा हेइटिमा काम गरेका धेरै संस्थाहरूले गरीबी र जोखिम व्याप्त रहेको देशमा आन्तरिक रूपमा विस्थापित ६००, ००० जनसंख्याले होस्ट समुदायमा परेको तनावलाई सम्बोधन गर्न असफल रह्यो भनी आइएएससिले उल्लेख गरेको छ । यस्ता सवालहरूलाई सम्बोधन गर्न नसक्नुले मानविय समुदायले जोखिमलाई कसरी परिभाषित गर्नुपर्ने हो र के कस्तो मापदण्डले 'प्रभावित' समुदाय निर्धारण गर्दछ भन्ने सम्बन्धमा प्रश्न उठ्छ (आइएएससि, २०१०:२५) । विपदकाकारण विस्थापित भएका समूह र होस्ट समुदायहरू बिच तनाव सृजना हुन नदिन भूकम्पका कारण बनाईएका शिविर वरिपरिको क्षेत्रमा रहेका समुदायहरूलाई लक्षित गर्नुपर्ने अक्सफामको सुझाव छ किनभने यसले शिविरमा बस्नेहरूलाई आफु भन्दा राम्रो सुविधा हुन्छ भन्ने विश्वास गर्ने व्यक्तिहरूको संख्यालाई न्यूणीकरण गर्दछ ' (यंग एन्ड हेन्डरसन, २०१०:१३)

# ग. रणनीतिक योजना

रणनीतिक योजना 'संकटको परिमाणको प्रमाणिक आधार र विश्लेषण तथा सबैभन्दा महत्वपूर्ण मानविय आवश्यकताहरूको पहिचान गर्ने मानवीय लेखाजोखाका आधारमा बनाईन्छ (ह्युमानिटेरियन प्ल्याटफर्म, २०१८)। तलको खण्डमा पछिल्ला मानवीय सहायता कार्यक्रमका सफलता र असफलतामा आधारित रही भूकम्पपछिको रणनीतिक योजना बनाउँदाका सिकाईहरू प्रस्तुत गरिएको छ।

## सिकाई ८ : भग्नावशेषहरू संकलन गर्ने स्थान छुट्टयाउने र उपयुक्त भएमा यसलाई सफा गर्न छोटो समयका लागि सहायता लिने

**उच्च विश्वास**

भूकम्पले भवन र अन्य पूर्वाधारहरू क्षतिग्रस्त हुँदा ठूलो मात्रामा भग्नावशेषहरू रहन जान्छ (किल्बि एन्ड विलियमसन, २०११; ज्याक्सन, २०१५)। यो विशेष गरी शहरी क्षेत्रमा बढी हुन्छ। पछिल्ला प्रतिकार्यले देखाए अनुरूप, भग्नावशेषहरू सफा गरी प्रमुख सडक र उद्दार क्षेत्रहरू पहुँचयोग्य बनाउनु तत्काल गर्नुपर्ने काम हो (मुघल एट अल, २०१५)। यसका लागि भग्नावशेषलाई अस्थायी रूपमा जम्मा गर्न सक्ने स्थानको पहिचान गर्नें र अस्थायी आवास बनाउने स्थानको पहिचान गर्नें आवश्यक हुन्छ। आनलापको पछिल्लो सिकाई सम्बन्धि अध्ययनले नेपालमा भग्नावशेष जम्मा गर्नका लागि खुल्ला स्थानको नक्सांकन र प्रयोगलाई मानवीय प्रतिकार्यको सफलताको रूपमा उल्लेख गरेको छ (सेन्डर्सन एन्ड रामालिंगम, २०१५)। तथापि, नेपालमा भूकम्पपछिको भग्नावशेष जम्मा गर्ने स्थान अपर्याप्त देखियो जसले भूकम्प पछि भग्नावशेषको व्यवस्थापन कत्ति कठिन हुन सक्छ भन्ने देखाउँछ।[६]

कामका लागि नगद (क्यास फर वर्क) र कामका लागि खाधान्न (फुड फर वर्क) जस्ता योजनाहरू भूकम्प पछिको अवस्थामा उपयुक्त प्रतिकार्य हुन सक्छ किनकी यसबाट भूकम्प प्रभावित व्यक्तिहरूलाई अस्थायी रूपमा श्रमका अवसरहरू सृजना गर्न सक्छ र भग्नावशेषको सरसफाईले पुनर्निर्माण प्रक्रियाको शूरूआत समेत गराउन सक्छ (ब्रेडि, २०१२)।

सन् २०१० को हेइटिको भूकम्पपछि कामका लागि नगद (क्यास फर वर्क) र कामका लागि खाधान्न (फड फर वर्क) योजनाहरू व्यापक रूपमा प्रयोग भएका थिए। उदाहरणका लागि, अक्सफामले करीब ६००० अति गरीब वा गरीब घरधुरीलाई अप्रशिक्षित श्रमका क्रियाकलापमा अवसर प्रदान गरेको थियो जसले आम्दानीको बाटो दिएको थियो (यंग एन्ड हेन्डर्सन, २०१०:१०)। हेइटिमा अन्य कामका लागि नगद कार्यक्रमलाई कुलो र नालीहरू सफा गर्न, भग्नावशेष सफा गर्न र पूर्वाधारहरू पुनर्स्थापित गर्न प्रयोग गरिइको थियो (ग्रुनेवाल्ड एट अल, २०११:२७)। नेपालमा, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपि) को कामका लागि नगद कार्यक्रमले करीब ३,५०० घरधूरीलाई काममा लगाई सार्वजनिक भवनहरूबाट भग्नावशेष सफा गर्न, निजि घरहरू भत्काउन र स्थानीय सरकारी कार्यालयहरू पुनर्स्थापना गराउन प्रयोग गरेको थियो (भट्टाचार्ज, २०१६:१५)।

यस्ता सकारात्मक उदाहरणहरू हामी माझ हुँदाहुँदै पनि यस्ता योजनाहरूमा केही ठूला जोखिमहरू हुन्छन्। भग्नावशेषहरूको सरसफाईका लागि अप्रशिक्षित कामदारहरूको प्रयोग गर्दा सुरक्षा सम्बन्धि खतरा हुने, घरधूरीको श्रमको श्रोतमा कमी हुन जाने र परम्परागत स्वरूपको आपसी सहयोगलाई कमजोर बनाउने हुन्छ (ग्रुनेवाल्ड एट अल, २०११:२७। मानिसहरूसंग आफुलाई सुरक्षित राख्ने आवश्यक तालिम नहुँदा वा उपयुक्त सामाग्री नहुँदा सुरक्षा सम्बन्धि खतरा ठूलो जोखिम न जान्छ जसले गर्दा एक प्रतिवेदनले सहभागीहरूलाई 'सुरक्षित तवरले भत्काउने' सम्बन्धमा जानकारी प्रदान गर्नेको महत्वलाई जोड दिएको पाईएको छ (भट्टाचर्जि, २०१६:१५)।

हेइटिको भूकम्प पछि प्रयोग गरिएका कामका लागि नगद योजनाले व्यापक रूपमा विभिन्न समस्याहरूको सामना गर्नुपर्यो। यी समस्याहरूमा ठूलो स्तरमा कार्यन्वयन र तयारीको कमी, सरकारी तहबाट स्वीकृति प्रक्रियामा ढीलाई र प्रभावित व्यक्तिहरूलाई सहभागी गराउन र क्रियाकलापहरूको पहिचान गर्न कठिनाई आदि प्रमुख समस्याहरू देखिए (ग्रुनेवाल्ड एट अल, २०११:२७)

यी र यस्ता समस्याहरू बाट बच्नका लागि कार्यन्वयन पक्षहरूले कामका-लागि-नगद्/कामका-लागि-खाधान्न योजनाहरूमा व्यक्तिहरूको सहभागिताको अवधि, कामका-लागि-नगद योजनाका लागि लक्षित गरिएका क्रियाकलापहरू, सहभागीहरूलाई दिईने ज्याला, कामका-लागि-नगद्/कामका-लागि-खाधान्न योजनाका सहभागीका लागि बिमाको प्रावधान आदि जस्ता विभिन्न तत्वहरू उपर ध्यान दिनुपर्ने हुन्छ। यी विषयहरूमा थप जानकारीका लागि मर्सिकोरको कामका-लागि-नगद् कार्यक्रम जस्ता निर्देशिकाहरू हेर्नुहोस् (मर्सिकोर, २००७)।

यो भूकम्पको परिपेक्षयमा नभएतापनि र शर्त सहितको सहायता भएतापनि, भूकम्पको प्रतिकार्यमा बिना शर्तको नगद प्रदान गर्दाका धेरै सफल उदाहरणहरू पनि छन्। यसका उदाहरणहरू तल उल्लेख गरिएका छन्

- क्रिष्टियन एड्सको (२०१२) हेटिको भूकम्पपछि खाधान्न लगायत, ईन्धन, आवास सामाग्री र औषधि खर्च तिर्ने लगायतका व्यापक आधारभूत आवश्यकताहरू पूरा गर्न युसिटिको प्रयोग
- पाकिस्तानमा भूकम्पपछि घरधूरीद्वारा आधारभूत आवश्यकताहरू पूरा गर्न सम्पत्ति बेचबिखन गर्नु नपर्ने गरी नगद अनुदानको प्रयोग (कोसग्रेभ, २००८)
- आइएफआरसिको नेपालका भूकम्प प्रभावितका लागि प्रत्यक्ष नगद हस्तान्तरण कार्यक्रम जुन अधिकांश भागमा...सफल साबित भयो र भविष्यका प्रतिकार्यमा प्रयोग गरिने सम्भावना धेरै रहेको छ। (कुक एट अल, २०१८)

## सिकाई ९: कागजातको अभाव तथा जमीन सम्बन्धि जटिल सम्झौता जस्ता समस्याहरूमा विचार पुर्याउने

**उच्च विश्वास**

भूकम्प प्रभावित जनसंख्याले प्राय आफ्नो परिचय सम्बन्धि कागजात हराउने वा ती कागजातमा पहुँच नहुने हुन्छ र ती कागजात आफ्नो जिविका पुनः शुरू गर्नकन लागि सरकारी वा मानवीय सहायता प्राप्त गर्न आवश्यक हुन्छ। केही जनसंख्या भने त्यस्ता कागजातहरू हराउँदा थप जोखिममा हुन्छन्। नेपालको एउटा उदाहरणमा सर्वेक्षण गरिएका लगभग ५०५ महिलाहरू संग आफ्नो नागरिकता प्रमाणपत्र थिएन भने २५% संग आफनो सम्पत्ति सम्बन्धि दस्तावेज थिएन। उनीहरूका यी दस्तावेजहरू उनका श्रीमान वा घरका अन्य पुरूषले लिई राखेको र ती पुरूषहरूको मृत्यु भएको वा बसाईसराई गरेका कारणले यस्तो स्थिति देखिएको थियो।[९] यसको परिणाम स्वरूप, यी महिलाहरूले आफ्नो घरको स्वामित्व आफ्नै रहेको वा स्वामित्व रहेको पुरुषसंग तिनको विवाह भएको भन्ने कुरा प्रमाणित गर्न सकेनन, जसले ती कागजातहरू हराउँदाका नाटकीय परिणामहरू देखिन्छन् (अक्सफाम, २०१६:४)।

> “हेइटिमा ... विस्थापित व्यक्तिहरुले भूकम्पमा आफ्नो कानुनी दस्तावेजहरु गुमाएकोअवस्थामा धेरै संस्थाहरु परिचयपत्र जारी गर्नेसँग सम्बन्धित जटिलताहरुका लागि तयार थिएनन्।”

अन्य भूकम्पले पनि परिचय सम्बन्धि कागजातमा हराउँदा मानवीय सहायताको पहुँच प्राप्तिमा पर्ने बाधालाई स्पष्ट पार्दछ। उदाहरणका लागि, हेटिमा, आइएएससिले धेरै संस्थाहरू परिचय पत्र जारी गर्दा भूकम्पको समयमा विस्थापित जनसंख्याले आफ्नो कानूनी कागजातहरू गुमाएकाले देखिएका जटिलताका लागि तयार तयार थिएनन् (आइएएससि, २०१०:२२)।

भूकम्पपछि मानवीय समुदायले ध्यान दिनुपर्ने अर्को सवाल भनेको जग्गा सम्बन्धि पुनर्स्थापना समझौता हो। हेइटि जस्ता राष्ट्रहरूमा प्रायः कमजोर र जटिल प्रकृतिको जग्गाको स्वामित्व सम्बन्धि कानूनहरूले पुनर्स्थापना प्रक्रियामा नकारात्मक प्रभाव पारेको छ। यी चुनौतीहरूबाट पार पाउन धेरै समय र श्रोतहरू आवश्क पर्न सक्छन् किनभने अनाधिकारिक स्वामित्वका मुद्दाहरू समाधान गर्न र आवश्यक रेकर्डको अभावमा शहरी परिषद जस्ता सरकारी निकायहरूले काम थाल्नका लागि सम्झौता गर्न वा स्वीकृति प्रदान गर्ने गरी भूमिका निर्वाह गर्नुपर्ने हुन सक्छ। (विश्व बैंक, २०१६:८७; सोलिडाराइट्स ईन्टरनेशनल, २०१७:२४) नेपालको जग्गा सम्बन्धि जटिल सम्झौताले पनि पुनर्स्थापना प्रक्रियालाई नकारात्मक रूपमा प्रभाव पारेको थियो (ज्याक्सन एट अल., २०१६:९)।

संभावित आगामी कदमहरू निम्नानुसार छन् :

- भूमिहिन मानिसहरूलाई पीडित परिचय पत्र प्रदान गरिएको कुरा सुनिश्चित गर्न र प्रति घरधूरीमा एकमात्र परिचय पत्र प्रदान गरिएको भए सो पत्रमा महिलाको नाम पनि समावेश गरिएको कुरा सुनिश्चित गर्न सरकारसंग काम गर्नुपर्दछ। आवश्यक दस्तावेजहरू नभएकाले पुनर्निर्माण तथा पुनर्स्थापनाका प्रयासहरूमा ढीलाई नहोस भन्ने कुरा सुनिश्चित गर्न मानविय समुदायले थप कुनै व्यावहारिक कदम चाल्नु परेमा त्यस्तो समेत गर्नुपर्दछ (आइबिआइडि,४४)
- पुनर्निर्माण कार्यक्रमका लागि चयन गरिएको वितरणको मोडलले आधिकारिक परिचय पत्र कहिल्यै नबनाएको वा हराएको कुनै पनि समूह (महिला समेत) लाई नछुटाउने कुरा सुनिश्चित गर्नु पर्दछ (बारबर, २०१६:५)। नगद सहायता कार्यक्रम चलाईएको छ भने, तपाईंको ग्राहकलाई चिन्नुहोस (नो योर कस्टमर) (केवाइसि) सम्बन्धि नियमावलीहरू[१०] समायोजन गरिएको कुरा सुनिश्चित गर्नु पर्दछ, उदाहरणका लागि, राष्ट्रिय परिचय पत्रको स्थानमा गैससको परिचय पत्रको प्रयोग गर्न वित्तीय सहायता प्रदायकहरू संग सहमति गर्नु पर्दछ।
- सम्पत्तिको स्वामित्व रहेकाहरूका लागि मात्र नभई, आवश्यक दस्तावेजहरू भए नभएतापनि भूकम्पले घर भत्किएका वा क्षति पुगेका व्यक्तिहरूका लागि समेत आवासीय कार्यक्रम संचालन गर्नुपर्दछ। उदाहरणका लागि, नेपालमा सरकारले गरेको विपदपछिको आवश्यकताको लेखजोखा (पिडिएनए) ले पुनर्निर्माणका सम्पूर्ण कार्यक्रमहरू राष्ट्रिय आवास नीतिका आधारमा तय गरिनुपर्दछ भनी उल्लेख गर्यो। यस नीति बमोजिम सरकारले गरिब वा असुरक्षित वस्तिमा रहेका व्यक्तिहरूका लागि जमीन प्रदान गर्नुपर्ने हुन्छ (बारबर, २०१६)।

# घ. श्रोतको परिचालन

भूकम्पिय पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि अन्तर्राष्ट्रिय दातृ निकायहरूबाट वित्तीय सहायताको आवश्यकता पर्दछ किनभने भूकम्पीय प्रभाव प्रायः सो देशको प्रतिकार्यको श्रोत र क्षमताले नभ्याउने समेत हुन सक्छ। भूकम्पपछिको प्रतिकार्यकमा काम गर्ने मानवीय सहायताका पक्षहरूले श्रोतहरू कसरी तत्काल उपलब्ध गराउने भन्ने चुनौतीको सामना गर्नुपरेको छ। यस खण्डका सिकाईहरू सम्भव भएसम्म भूकम्पिय परिवेषमा आधारित रहेतापनि यी सिकाईहरू अन्य प्रकारका ठूला र अपरभ्मट आईलाग्ने विपदको परिपेक्ष्यमा समेत लागु हुन सक्छन्।

## **सिकाई १०** : पर्याप्त र उपयुक्त परिचालनको क्षमताको प्रयोग गर्ने

**मध्यम विश्वास**

> *सर्ज टोलीहरुसँग क्षेत्रीय/राष्ट्रिय ज्ञान, प्राविधिक ज्ञान र ठूलो स्तरको आपतकालीन अवस्थामा काम गरेको अनुभव हुनुपर्दछ।*

सबै जनसंख्या विपदबाट एकैनासले प्रभावित हुँदैन। उदाहरणका लागि, गरिबीमा रहेका व्यक्तिहरू पहिरोले नराम्रो संग प्रभावित हुन सक्छन् किनभने उनीहरू जोखिमपूर्ण स्थानमा ठोस घर नबनाई बस्छन् भने पक्की घर हुने व्यक्तिहरू त्यो भवन भत्किंदा प्रभावित हुन जान्छन्। तर अन्य विपदको तुलनामा भूकम्पको विशेषता भनेकै यसले सबै खाले जनसंख्यालाई प्रभावित तुल्याउँछ। यसको अर्थ गैससको देशिय कार्यालयको क्षमता ह्रास भएर जाने हुन्छ किनभने उनीहरूको टोली प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित हुन सक्छ। यस्तो परिपेक्ष्यमा, अन्तराष्ट्रिय प्रतिकार्य गर्ने पक्षहरूले उपयुक्त र पर्याप्त मात्रामा आपत्कालिन क्षमताको परिचालन गर्नँपर्दछ। ततकालको सूचनाको आधारमा तैनात हुन सक्नुका साथै (विशेष गरी ७२ घण्टाभन्दा कम समयमा), आप्तकालिन टोलीमा क्षेत्रीय्देशीय ज्ञान, प्राविधिक ज्ञान र ठूलो विपद्मा अनुभव (जस्तै, युएन क्लष्टर समूह तथा मानवीय सहायताको वित्तीय संयोजन) समेत हुनु पर्दछ।

नेपालमा सन् २०१५ मा नर्वेजियन रिफ्युजी काउन्सिलले भूकम्प प्रभावित क्षेत्रहरूमा राष्ट्र संघीय निकायहरूलाई सहयोग गर्ने गरी विज्ञहरूको परिचालन गरेको उपयुक्त आपत्कालीन परिचालन क्षमताको सफल उदाहरण हो। कार्यक्रमको मूल्यांकनले उपयुक्तताको आधारमा धेरै सफलताहरू मिलेको कुरा उल्लेख गरेको छ र यसमा देशिय स्तरमा रहेका कर्मचारीलाई परिचालित कर्मचारीले पूरक हुने गरी काम गरेको थियो (बेकर एन्ड नारायनन, २०१६:६)। तुलनात्मक रूपमा केही देशिय निकायहरूका नेपालस्थित कर्मचारीहरूमा ठूलो स्तरको विपदमा काम गरेको अनुभव रहेको र एनआरसिद्वारा परिचालित कर्मचारीहरूमा अन्तर निकाय संयोजन तथा स्थानीय परिवेष, संस्कृति, भाषा र भूगोलको राम्रो अनुभव रहेको थियो कनभने त्यसमा अधिकांस नेपाली नागरिक वा नेपालको अनुभव रहेको दक्षिण एसियालीहरू रहेका थिए (आइबिआइडि)।

तथापि, परिचालित गरिएको टोली उपयुक्त भएतापनि, अन्य तत्वहरूमा पनि ध्यान दिनुपर्दछ जसले गर्दा प्रभावकारितलाई बढाउन सकिन्छ। उदाहरणका लागि, कैयौं मूल्यांकनहरूमा परिचालनको अवधि अत्यन्तै छोटो रहेको पायो। यस्तो हुन नदिन निरन्तरता सुनिश्चित गर्न कम्तिमा तीन महिनासम्म उपलब्धता सुनिश्चित गर्न एनआरसिले सिफारिष गरेको छ।

युनाईटेड नेशन्स अफिस फर द कोअर्डिनेशन अफ ह्युमानिटेरियन अफेयर्सको हेइटि भूकम्प पछिको प्रतिकार्यको मूल्यांकनले पनि एनआरसिले सामना गरेकै समस्याहरूको सामना गरेको कुरा देखाएको छ। यद्दपि, ओचाले भूकम्पको पहिलो छ हप्तामा सफलतापूर्वक पर्याप्त संख्यामा कर्मचारी परिचालन गरेतापनि, संख्या र विज्ञता र सिपका आधारमा परिचालनमा धेरै चुनौतीहरूको सामना गर्नुपरेको थियो (भट्टाचार्जि, २०१६:१३)। एनआरसि जस्तै, ओचाले प्र्यार्प्त समयका लागि कर्मचारी खटाउन असफल रह्यो जसले कर्मचारीको निरन्तरता प्रमुख समस्याका रूपमा रह्यो जसको प्रभाव प्रतिकार्यमा नराम्रो संग परेको थियो (आइबिआइडि)। सर्ज टोलीका सम्बन्धमा थप जानकारीका लागि बेकर र नारायनन (२०१६) तथा भट्टाचार्जि र लोस्सियो (२०११) हेर्नुहोला।

# ङ. कार्यन्वयन

आवश्यकताको लेखाजोखा, रणनीतिक योजना र उपलब्ध श्रोतहरूका आधारमा कार्यान्वयन पक्ष निर्धारण हुन्छ। वास्तवमा यही चरणमै सहायताको स्वरुप निर्धारण हुन्छ। भूकम्प पछिको परिवेषमा प्रभावित जनसंख्याको आवश्यकताहरू बढ्दै जाने भएकोले परियोजनाले तिनका आवश्यकताहरू पूरा गर्ने गरी अनुकुलित हुनुपर्दछ। भूकम्पले प्रभावित मानिसहरूको जिविकाको सबै पक्षहरूमा अवरोध पुग्ने हुँदा प्रतिकार्यले विभिन्न क्षेत्रहरूलाई समेट्दछ। यस खण्डका सिकाईहरूमा, आवास, खानेपानी तथा सरसफाई (वास), शिक्षा तथा प्रभावित जनसंख्यासंग उपयुक्त संचारको सुनिश्चितता लगायतको विषयलाई समेटिएको छ।[11]

**सिकाई ११ :** भूकम्प पछिको परिवेषमा हुने तीव्र रूपमा बढ्ने स्वास्थ्य सम्बन्धि आवश्यकताहरू प्रति जवाफदेही हुने। महामारी हुन सक्ने कुरा जानीराख्नुहोस्।

**उच्च विश्वास**

> *महामारी हुनसक्छ र हुनेगर्दछ, वास्तवमा, भूकम्पले ठूलो संख्यामा विस्थापन निम्त्याउँछ, र खानेपानीमा पर्याप्त पहुँच हुँदैन ...*

अन्य जोखिम पश्चातको अवस्थामा जस्तै, भूकम्पछि प्रभावित व्यक्तिहरू रोगको चपेटामा अधिक पर्ने हुन्छन् (सेन्डर्सन तथा रामालिंगम, २०१५:२३)। यद्दपि, आल्नापको भूकम्पीय प्रतिकार्य सम्बन्धि सिकाई सम्बन्धि पछिल्लो दस्तावेजले महामारीको जोखिम तुलनात्मक रूपमा कम हुने पाए पनि (कसग्रेभ, २००८:११), त्यसपछिका अनुभव (उदाहरणका लागि, हेटि र नेपालमा हैजा) ले भने भूकम्प पछि महामारी हुन सक्छ र हुन्छ भन्ने देखाएको छ। वास्तवमा, भूकम्पले सामूहीक विस्थापन र खानेपानीमा अपर्याप्त पहुँचको अवस्था निम्त्याउन सक्छ जसले मानिसहरू हैजा, मेनिनजाईटिस र दादुरा जस्ता संक्रामक रोगहरूको जोखिममा पर्न सक्छन् (एसिएपिएस, २०१५:१; हल एट अल., २०१७:४१)। भूकम्प पछिको अर्को प्रमुख चुनौती भनेको भूकम्प प्रभावित व्यक्तिहरूको आवश्यकताहरू निरन्तर परिवर्तन हुनु हो। प्यान अमेरिकि हेल्थ अर्गेनाइजेशन (पिएएचओ) को अनुसार, 'परम्परागत विपद व्यवस्थापन चक्र हेटी जस्तो परिपेक्ष्यमा एकपछि अर्को विपद आएको परिवेषमा स्वास्थ्य क्षेत्रमा लागु नहुने हुन्छ' (दे भिल दि गोएत, २०११:५३)।

यस्तो चुनौतीको सामना गर्न स्वास्थ्य क्षेत्रले पनि प्रभावित जनसंख्याको बदलिंदो आवश्यक्ताहरूमा काम गर्न सक्नुपर्ने हुन्छ। मानवीय प्रतिकार्यमा स्वास्थ्य क्षेत्रले गर्नुपर्ने सुधार सम्बन्धि थप निर्देशिका स्वास्थ्य सम्बन्धि श्रोतहरू, जस्तै, हेइटि भूकम्पमा स्वास्थ्य क्षेत्रको प्रतिकार्यमा राम्रो संग समावेश गरिएको छ। (आइबिआइडि)।

प्रभावित जनसंख्याको स्वास्थ्य सम्बन्धि आवश्यकताहरूलाई सम्बोधन गर्न प्रतिकार्यमा सुधारका लागि प्रमुख सिकाईहरू निम्नानुसार छन् :

- फिल्ड स्थित अस्पतालहरूले आपत्कालिन र गुणस्तरीय सेवा प्रदान गर्ने गरी उपयुक्त तवरले तयारी अवस्थामा छन् भन्ने कुरा सुनिश्चित गर्नूपर्दछ। फिल्डस्थित अस्पतालहरूले भूकम्पपछिको परिवेषमा अस्पतालको पूर्वाधारहरू क्षतिग्रस्त भएको परिस्थितिमा प्रभावित समुदायहरूलाई समयमै उपचार प्रदान गर्न प्रमुख भूमिका खेल्दछ। इरान (बाम) र हेइटिमा भएको भूकम्पमा भने ढिलाई, उपयुक्त योजना र औजारको कमी सम्बन्धि समस्याहरू देखा परेको थियो जसले सेवाको गुणस्तर प्रभावित बन्यो। (नेक्योयि मोघादम एट अल, २०१६:९१)। एक अध्ययनले हेइटिमा भूकम्प पछि धेरै विदेशी अस्पतालहरू फिल्ड तहमा स्थापित भए र यीनको संख्या अन्य कुनै पनि आपत्कालिन परिस्थिति र विपदमा स्थापित भएको मध्ये सबैभन्दा धेरै हो, तर कसैले पनि विश्व स्वास्थ्य संगठन र पिएएचओको परिचालनका शर्तहरूको पालना गरेनन्। पारदर्शिताको अभाव र उपलब्ध तथ्यांकले समेत पहिलो चरणको विदेशी अस्पतालहरूको प्रभावकारित सुनिश्चित गर्न असम्भव भएको निश्कर्ष निकालेको थियो। (जर्डिन एट अल, २०१२)।
- रोगको संक्रमणलाई सम्भव भएसम्म अनुगमन गर्नपर्दछ। एक प्रतिवेदनमा उल्लेख गरिए अनुसार, 'रोगको अनुगमन अत्यन्तै महत्वपूर्ण छ र यसलाई अनुगमनका नया प्रविधिहरू र खोप लिने जस्तो प्रतिकार्यका पर्याप्त कारकहरूलाई अनुगमन गरी सहजीकरण गर्न सकिन्छ।' (सेन्डर्सन एन्ड रामालिंगम, २०१५:२४)। तर यसलाई भूकम्पको प्रतिकार्यका लागि हालसम्म पनि प्रयोग नगरिएको हुन सक्छ। यसको सकारात्मक उदाहरण फिलिपिन्सबाट लिन सकिन्छ जहां विपद पछि राष्ट्रिय स्तरको मोबाईलमा आधारित स्वास्थ्य अनुगमन प्रणालीको कार्यन्वयन गरिएको थियो। टाइफुन हैयानका कारण विभिन्न रोगहरूको अनुगमन गर्नपर्ने आवश्यक्ता रहेको थियो जसलाई त्यसबेला स्थानीय र राष्ट्रिय निकायहरूले सम्बोधन गर्न सके। यो प्रणाली विशेष गरी आपत्कालको परिपेक्ष्यमा उपयोगी साबित भयो (आइबिआइडि, २५)।
- वास सम्बन्धि आवश्यकता तथा स्वास्थ्य समबन्धि जोखिमका बिचको सम्बन्धलाई नजिकसंग ध्यान दिनुपर्दछ। हेटिको भूकम्प पछि पानीका कारणले देखिने रोगहरूको संक्रमण (हैजा) को हकमा यस रोगको थप फैलावटलाई रोक्नका लागि प्रभावकारी र समयमै पानी तथा सरसफाईका आवश्यकताहरूमा प्रतिकार्य अत्यन्तै आवश्यक देखिन्छ। पछिल्ला प्रमुख प्राथमिकताहरूमा, निजी र सुरक्षित शौचालय, सफा पानी, निजि स्नान गर्ने ठाउँ तथा महिलाका सरसफाई सामाग्रीहरू पर्दछन् (आइबिआइडि)। यी सबैको पारस्परिकता हेर्दा, वास तथा स्वास्थ्य सम्बन्धि मुद्दाहरू सहकार्यको पद्दित मार्फत् सम्बोधन गर्नु महत्वपूर्ण छ (डे भिल दि गोएट एट अल, २०११:५३)।

- यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि आवश्यकताहरूलाई सम्बोधन गर्न पनि शहरी परिवेषमा विशेष गरी महत्वपूर्ण हुन्छ तर यसलाई अन्तराष्ट्रिय समुदायले वास्ता नगर्न सक्छ। ईन्टरनेशलन प्लान्ड प्यारेन्टहुड फेडरेशन (आइपिपिएफ) को एक पहल एक सफल उदाहरणका रूपमा लिन सकिन्छ जसले नेपालमा कर्मचारीहरू खटाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि आवश्यकताहरूलाई लेखाजोखा गरी सम्बोधन गरिएको कुरा सुनिश्चित गर्न व्यापक पद्दतिहरूको कार्यन्वयन गरेको थियो (सेन्डर्शन एन्ड रामालिंगम, २०१५:२५)।
- अंगविच्छेदलाई अत्यन्तै ध्यानपूर्वक विचार पुर्याउन पर्दछ। यसले जीवन बचाउन सके पनि यसको दीर्धकालीन सामाजिक तथा आर्थिक परिणामहरू समबन्धित व्यक्तिले भोग्नुपर्ने हुन्छ। उदाहरणका लागि, डे भिल दि गोएट एट अल, २०११:५३ ले हेटिमा हातखुट्टा गुमाएका व्यक्तिहरूलाई कहिलेकाहीं 'आफ्नो पापका लागि ईश्वरले सजाय गरेको' भनी मान्यता राख्दछन् जसक अर्थ, विभिन्न संस्कृति र विशेष समुदायहरूका मान्यताका कारण मानवीय र सामाजिक मूल्य तिर्नपर्ने कुरालाई ध्यानमा राखी यस्ता शल्यक्रियालाई अन्तिम विकल्पको रूपमा मात्रै हेरिनुपर्दछ।
- प्रभावित जनसंख्याका लागि मनोवैज्ञानिक सहायता बढाउनु पर्दछ। भूकम्प भनेको दुःखदायी घट्ना भएकाले प्रभावितहरूको चिन्ताको स्तर, अवसाद तथा अन्य मानसिक स्वास्थ्य सम्बन्धि समस्याहरू बढ्न सक्छन्। मनोवैज्ञानिक सहायताको क्षेत्रमा मानवीय सहायता प्रदायकहरू प्रदान गर्न सक्ने सहायता सिमित हुने भएकाले स्थानीय साझेदारलाई तालिम दिई कम लागतको र निरन्तर मनोवैज्ञानिक सहायता उपयुक्त तवरले स्थानीय भाषामा प्रभावित समुदायमा उपलब्ध गराउनु अर्को उपाय हुन सक्छ।

## **सिकाई १२ :** उपलब्ध संरचनाको मर्मत सम्हारलाई प्रआतमिकिरण गर्ने, निजी पुनर्निर्माणमा सहयोग गर्ने, वास्तुकला सम्बन्धि सम्पदाहरूको संरक्षण गर्ने तथा स्थानान्तरण र पुनर्वासलाई अन्तिम विकल्पको रूपमा प्रयोग गर्ने

**उच्च विश्वास**

केही समुदायहरूको स्थानानतरण भूकम्पको अपरिहार्य परिणामका कारण हुन सक्छ र भविष्यमा हुने विपद न्यूणीकरणका लागि कहिलेकाही एकमात्र सम्भाव्य उपाय हुन सक्छ। तर पनि, भूकम्पपछिको परिवेषमा गरिने स्थानान्तरण कमै मात्र सफल हुने देखिएको छ र यसो हुनुमा प्रायः मूल स्थानबाट दूरी र विस्थापित व्यक्तिका लागि आर्थिक अवसरहरूको उपलब्धतामा कमी प्रमुख कारण हुन सक्छन् (क्लेरमोन्ट एट अल, २०११:२)। हेटि भूकम्पपछि, घना जनसंख्या भएको शिविरमा बस्ने समुदायहरू 'राजधानीबाट टाढा रहेको र केही मात्र सेवा र रोजगारीका अवसरहरू उपलब्ध भएकाू नया स्थानमा स्थानान्तरण गरिंदा, राहको अवधी लम्ब्याउनु परेको थियो। (आइबिआइडि)

*"स्थानान्तरणलाई अन्तिम उपायका रुपमा मात्र प्रयोग गरिएको सुनिश्चित गर्ने ...आफूलाई स्थानान्तरण गरिएको क्षेत्रसँग सन्तुष्ट नहुने घरपरिवारहरु प्रायः त्यही उच्च जोखिम क्षेत्रमै फर्कने गर्दछन्।"*

आल्नापको पछिल्लो सिकाई सम्बन्धि पेपर, रेस्पोन्डिंग टु अरबन डिजास्टर् मा उल्लेख गरिए अनुरूप, 'दीर्घकालिन रूपमा उपयुक्त स्थानको महत्वलाई ध्यान दिन असफल हुँदा यसको विपरित परिणाम देखिन सक्छ किनकि आफूहरूलाई स्थानान्तरण गरिएको क्षेत्रबाट त्यस्ता घरधूरी असन्तुष्ट रहन्छन् र अन्ततः महत्वपूर्ण सामाजिक संजाल तथा आर्थिल अवसरहरूमा पहुँचका लागि पहिलेकै उच्च जोखिममा रहेको क्षेत्रमा फर्किन्छन्' (सेन्डर्सन एट अल, २०१:२३)। यस्तो अवस्था रोक्नका लागि, मानवीय समुदायले स्थानानतरणलाई अन्तिम बिकल्पका रूपमा मात्र प्रयोग गरिने कुरा सुनिश्चित गर्न पर्दछ। भूकम्प प्रभावित जनसंख्याले आफ्नो घर फर्की आफ्नो जिविकोपार्जन शुरू गर्न सक्ने कुरा सुनिश्चित गर्न उपलब्ध संरचनाहरूलाई मर्मत गर्ने कामलाई प्राथमिकिकरण गर्नुपर्दछ।

यस्तो गर्दा, मानविय समुदायले 'पछि बनाउने राम्रो बनाउने र सम्पदाका संरचनाहरूलाई संरक्षण गर्ने बिचमा उपयुक्त संतुलन कायम गर्नेतर्फ केन्द्रित हुनुपर्दछ।'[१२] थप कम्पनहरूको सामना गर्नपर्ने स्पष्ट आवश्यकता हुँदा मानवीय संस्थाहरूले कुनै स्थानको सांस्कृतिक सम्पदालाई प्रभावित जनसंख्याको पहिचानको श्रोत हुने र मनोवैजत्रानिक तवरमा पुनर्स्थापनामा सहयोग पुग्ने हुँदा यी सम्पदाको संरक्षण गर्ने गरी पुनर्निर्माणका प्रयासहरूलाई कसरी लक्षित गर्न सकिन्छ भन्ने तर्फ विचार गर्न पर्दछ। (अडेफ्रोए, २०११:४६१; बारबर, २०१६)। यसलाई घरधूरीले शुरू गरेको पुनर्निर्माण मार्फत् प्राप्त गर्न सकिन्छ र यसको अर्थ प्रभावित समुदायलाई आर्थिक, निर्माण सामाग्री र/वा प्राविधिक सहायता प्रदान गरी उनीहरूलाई आफ्नो आवास निर्माणमा सहयोग गर्न सकिन्छ। वास्तुगत सम्पदाको संरक्षण गर्ने विधिका साथै निजी घरधूरीले थालेको पुनर्निर्माण सशक्त बनाउने र सम्मानजनक पद्दति हुन सक्छ जसले सम्बन्धित समुदायलाई आफ्नै पुनर्स्थापनामा क्रियाशील रही काम गर्न र आफ्नो आवश्यकता अनुरूप पुनर्निर्माणलाई व्यवस्थित गर्न सक्ने हुन्छन्। (झा एट अल, २०१०; तफ्ति एण्ड तम्लिन्सन, २०१५)। सहभागीतामूलक विधि, जस्तै, सुरक्षित आवासको चेतनाका लागि सहभागीतामूलक विधि (पिएएसएसए)[१३] पनि प्रभावित जनसंख्याले पुनर्निर्माणका विकल्पहरू आफैले अगाडी बढाउने कुरा सुनिश्चित गर्नका लागि उपयोगी हुन सक्छ। (रीस-जिल्डा एण्ड मोल्स, २०१२:२७)।

पुनर्निर्माण सम्भव नहुने अवस्थामा, मानवीय समुदायले स्थानान्तरणका पछिल्ला सफलता था असफलताबाट सिक्ने कुरा सुनिश्चित गर्नुपर्दछ। गरीबीमा रहेको जनसंख्या नै स्थानान्तरणको उच्च जोखिममा रहने कुरामा ध्यान दिनु आवश्यक छ। सन २००८को वेनचुआन भूकम्पको परिपेक्ष्यमा, अन्य स्थानमा बस्न नसक्ने वा आफु बस्ने क्षेत्रमा आर्थिक क्रियाकलापमा जोडिएको रहने हुंदा गरीबिमा रहेको जनसंख्या नै उच्च जोखिम भएका स्थानहरूमा बस्ने सम्भावना उच्च रहन्छ (सेन एट अल, २०१६)। यस जानकारीमा आधारमा, स्थानान्तरणको स्थानमा जिविकोपार्जन पुनः शुरू गर्न सकिने पर्याप्त अवसरहरू रहने कुरा सुनिश्चित गर्नँपर्दछ।

सफल स्थानान्तरण योजना बनाउनका लागि सर्वोत्तम अभ्यासहरूमा निम्न कुराहरू पर्दछन:

- स्थानान्तरण आफैमा दुखद अनुभव हुन सक्ने हुँदा जनसंख्यालाई धेरै पटक स्थानान्तण गराउनु हुँदैन (वेनचुआन भूकम्पमा यस्तो भएको थियो) (सेन एट अल., २०१६:९१) । यस्लाई रोक्नका लागि स्थानान्तरणका लागि पहिचान गरिएको जग्गा - र साथै भण्डारण गर्ने प्रयाप्त क्षमता (स्थानानतरित जनसंख्याका लागि सुरक्षित रहेको कुरा सुनिश्चित गर्नुपर्दछ । (ज्याक्सन एट अल, २०१६:४)
- पुनर्निर्माण तथा पुनरवास योजनाहरू समुदायले अघि बढाउने कुरा सुनिश्चित गर्नुपर्दछ (ज्याक्सन एट अल, २०१६:४) । अनुभवले देखा अनुसार, 'प्रभावित जनसंख्याले विकास गर्न सहयोग गर्ने र त्यसप्रति सकारात्मक रहने योजना नै प्रभावकारी पुनरवास योजना हो' (झा एट अल, २०१०:७७)
- पुनरवासलाई समुदायले स्वीकार्य मान्ने अर्को उपाय भनेको प्रभावित जनसंख्यालाई बलजफ्ति गर्नु भन्दा पनि स्वेच्छाले पुनरवास गर्ने गरी भत्ता प्रदान गर्नं हो । यसमा आवास मात्र नभई पुनरवास क्षेत्रले पानी, बिजुली, विधालय, स्वास्थ्य केन्द्र आदि लगायतका अन्य आधारभूत आवश्यकताहरू पूरा गर्ने कुराको सुनिश्चितताका लागि काम गर्नं आदि पर्न सक्दछ । पुनरवास गरिएका जनसंख्याको जिविकोपार्जन सम्बन्धि आवश्यकताहरूलाई ध्यान दिई सम्भव भएको स्थानमा खेतीयोग्य जमिनमा पहुँच भएको कुरा समेत सुनिश्चित गर्नं उत्तिकै महत्वपूर्ण छ (ज्याक्सन एट अल, २०१६:२५)
- पुनरवासका योजनाहरू भूकम्पको परिवेषका लागि मात्र सान्दर्भिक नहुने र प्राय: सुनामी, टाईफुन र समुद्री आँधिपछि आवश्यक पर्छ । त्यसैले, मानविय सहायता प्रदायकले अन्य विपदबाट भएका सिकाईहरूको आधारमा काम गर्नु पर्दछ । झा एट अलको 'सेफर होम्स, स्ट्रंग कम्युनिटिज' भन्ने श्रोतमा मिस इन होनडुरसको समुद्री आँधि (१९९८), श्रीलंका र भारतको हिन्द महासागरको सुनामी (२००४) तथा फिलिपिन्सको टाईफुन फ्याँक (२००८) पछिको पुनरवास योजनाका सफलता र असफलताहरूलाई प्रस्तुत गरिएको छ (झा एट अल, २०१०:८३-८६) ।

## सिकाई १३ : संक्रमणकालीन आवासले दीर्घकालीन पुनर्निर्माणलाई बाधा पुर्याउन सक्न हुँदा सो कुरामा ध्यान पुर्याउने

**उच्च विश्वास**

सन् २०१० को हेइटिको भूकम्पपछि, संक्रणकालीन आवासको प्रयोग विवादास्पद बन्यो किनभने यी आवासहरू दीर्घाकालिन हुन सक्ने र दीर्घकालीन पुनर्निर्माण योजनालाई जटिल बनाउन सक्ने भय रहेको थियो । यस कारण, संक्रमणकालीन आवासको चर्को आलोचना भयो र यसलाई 'पैसाको पूरै नासू', 'विकास विपरित' वा 'दातृ निकायको आवश्यकता अनुसारको मात्र' भनेर समेत भन्न थालियो । (सेन्डर्सन एट अल, २०१४:१४४) । यी आलोचनाहरू प्रमाणित गर्ने प्रमाणहरूका बाबजुद विभिन्न उदाहरणहरूमा भने यी संक्रमणकालीन आवासले वास्तवमा भूकम्प प्रभावित जनसंख्याको आवश्यकता पूरा गर्न सहयोग पुर्याएको कुरालाई स्वीकार गरिनु पर्दछ ।

> *अस्थायी आवासहरू भूकम्प लगत्तै उपलब्ध हुने कुरो सुनिश्चित गर्ने ...*

ईरानको बाम भूकम्प पछि सरकारी अधिकारीहरूले शहरी क्षेत्रमा कम्तिमा दुई वर्षसम्म स्थायी आवासहरू उपलब्ध नहुने कुराको आंकलन गरेका थिए । शहरी क्षेत्रका खाली स्थानमा संक्रमणकालीन आवासहरू स्थापित गरी सरकारी अधिकारीहरूले जनसंख्यालाई शिविरमा विस्थापित हुनबाट रोकेका थिए (झा एट आल, २०१०:१९-२०) ।

मानवीय संस्थाहरूले संक्रमणकलीन आवास पद्दतिको प्रयोग गर्दा निम्न सिकाईहरूलाई आत्मसात् गर्नुपर्दछ:

- स्थायी आवास स्थापित गर्ने व्यापक प्रक्रियाको एक अंगका रूपमा मात्रै संक्रमणकालीन आवसहरूको प्रयोग गर्नुपर्दछ । प्रमुख क्रियाकलापमा सुरक्षित फिर्ति रणनीति, सबै क्षेत्रमा (जस्तै, शिक्षा, फोहोर व्यवस्थापन, नेतृत्व, जिविकोपार्जन आदि) मा साझेदारीको विकास गर्ने र सुरक्षित समुदायको निर्माणका लागि ज्ञान, सिप तथा क्षमताहरूमा लगानी गर्ने लगायतका क्रियाकलापहरू पर्दछन् (कोहेन, २०१२:७; सेन्डर्सन एट अल, २०१४:१४४; वाहानवति एन्ड मल्लिगन, २०१७) ।
- संक्रमणकालीन आवासहरू भूकम्पको तत्काल पछि उपलब्ध हुने कुरा सुनिश्चित गर्नुपर्दछ । सन् २०१० मा हेइटिमा मानवीय समुदायले संक्रमणकालीन आवासको आकारका सम्बन्धमा साझा सहमतिमा आउन तथा आवश्यक सामाग्रीहरूको खरीद गर्नका लागि सहमतिमा आउन संघर्ष गर्नपरेको थियो । यसको अर्थ, भूकम्पपछिको पहिलो चार महिनासम्म पहिलो आवास समेत कमै मात्र बनाईएको थियो (सेन्डर्सन एट अल, २०१४:१४१) । यस समयसम्म, कयौं प्रभावित जनसंख्याले शिविरमा आर्थिक क्रियाकलापहरू थाली सकेको थियो र संक्रमणकालीन आवासहरू सो प्रयोजनका लागि उपयुक्त रहेनन् । तथापि, श्रीलंकामा भने २००४ को हिन्द महासागरको सुनामीको ४ हप्तापछि पहिलो संक्रमणकालीन आवासहरू प्राप्त भएको थियो र सफल मानिएको थियो ।
- संक्रमणकालीन आवासको छनौट गर्दा, प्रतिकार्य भने विशेष परिवेष अनुरूप अंगीकरण गरीनु पर्दछ (डेभिड्सन, २०११:४) । संक्रमणकालीन आवासहरू घनत्व र स्थानका हिसाबले शहरी क्षेत्रमा धेरै जटिल हुन्छन्) सेन्डर्सन एण्ड रामालिंगम, २०१५:१९) । त्यस्तै, मध्य आय तथा उच्च आय भएका देशहरूमा संक्रमणकालीन आवासहरू धेरै सफल हुन्छ किनभने तिनका श्रोतहरूले स्थायी पुनर्निर्माणमा जान सहज बनाउँछ (सेन्डर्सन एट अल, २०१४) । तथापि, २००३ को बाम भूकम्पको पछिल्लो उदाहरण भने यी नियमहरूसंग मेल खाँदैनन् - इरानमा

भूकम्प शहरी क्षेत्रमा गएको थियो। यी सबै उदाहरणहरू विचार गर्दा, संस्थाहरूले प्रत्येक विपदहरू फरक हुन्छन् र कुनै पनि पद्दती सफल हुने कुराको निर्क्यौल गर्ने एकमात्र उपाय भनेको शुरूबाटै प्रभावित जनसंख्या संग परामर्श गर्नै हो भन्ने कुरा आत्मसात (झा एट अल., २०/१०/१८) गर्नुपर्दछ।

- दातृ निकायहरूले 'ढीला र बढ्दो' पहलहरू भन्दा एक वर्षभित्रै निर्माण र संचालन गर्न सकिने संक्रमणकालीन आवासका लागि वित्तीय सहायता उपलब्ध गराउन ईच्छुक छन् भन्ने आलोचनालाई ध्यानमा राखी आफ्ना रणनीतिहरू संशोधन गर्नुपर्दछ (सेन्डर्सन एट अल, २०१४:१४१)। वास्तवमा, संक्रमणकालीन आवासहरू उपयुक्त नभएको परिवेषमा किन कार्यन्वयन गरिए भन्ने सम्बन्धमा बताउने एक तत्व यो पनि हो। सेफर होम्स, स्ट्रंगर कम्युनिटिज ले यसलाई समेटेको छ र वित्तीय सहयोगमा सम्भाव्य अवरोधहरूले प्रायः स्थायी पुनर्निर्माणका रणनीतिहरूमा व्यवधान पुर्याउँछ (झा एट अल, २०११:१६)। यसका अतिरिक्त, परिणाममुखी परिवेषले गरीबी निवारण गर्न उपयुक्त हुने परियोजना भन्दा पनि छोटो समयको पूर्वाधार सम्बन्धि परियोजनाहरू बढी प्राथमिकतामा परे (लु एन्ड जु, २०१३)। गरीबी निवारण सम्बन्धि परियोजनाहरूमा ठुलो र लामो समयका लागि लगानीका कुराहरू समाहित गरिएका थिए (सेन एट अल., २०१६:६६)।

## सिकाई १४ : दीर्घकालिनका साथसाथै तत्कालका शैक्षिक आवश्यकताहरूको सम्बोधन गर्ने

**उच्च विश्वास**

पाकिस्तान (२००५), हेइटी (२०१०) र नेपाल (२०१५) को शिक्षा समूहको प्रतिकृया हेर्दा, यस्तो देखिन्छ कि मानवीय समुदाय भूकम्पपछिको लामो अवधिसम्म बालबालिकाहरू विद्यालयबाट बाहिर रहदाको तत्काल हुने जोखिमहरूका बारे राम्रोसँग जानकार छ (जस्तै बाल श्रम, शोषण, आदि)। समीक्षा गरिएका मुल्यांकनहरूले बताउछन् कि अन्तर्राष्ट्रिय प्रतिकार्य गर्नेहरू (प्रतिकार्य (कर्ताहरू) आवश्यक सामग्रीहरू उपलब्ध गराउन प्रायः सफल हुन्छन् (जस्तै पालहरू, फर्निचर तथा अन्य आपूर्तिजन्य वस्तुहरू) ताकी यो सुनिश्चित गर्न सकियोस् कि जतिसक्दो चाडो विद्यालयहरू खुलुन् र विद्यार्थीहरू आफ्नो पढाइलाई सुचारु गर्न सकुन् (डिटर्स, २०११; सेभ दि चिल्ड्रेन, २०१५:११; विदर्स एण्ड दाहाल, २०१५:१५)। आइ ए एस् सीले बताउदछ कि हेइटीमा प्रभावित भएका ८०५ विद्यालयहरू ६ महिनाभित्र सुचारु भएका थिए (केही अस्थायी पठनपाठन स्थलहरूमा भएतापनि) र २३०० शिक्षक/शिक्षिकाहरू तथा ३, ००० शिक्षाकर्मीहरूलाई तालिम दिइएको थियो (आइ ए एस् सि, २०१०:१२)। नेपालमा असुरक्षित ठानिएको वा क्षतिग्रस्त भएका थुप्रै विद्यालयहरू बन्द रहेता पनि, थुप्रै बालबालिकाहरूले आफ्नो औपचारिक शिक्षा भूकम्प गएको एक महिनापछि सुचारु गर्न सकेका थिए (विदर्स एण्ड दाहाल, २०१५:१५)। त्यसैगरी, पाकिस्तानमा २००५ को भूकम्प पछिको प्रारम्भिक राहतको चरणमा, आधारभूत शिक्षा परियोजनाहरू सिकाई सुचारु गर्न बालबालिकाहरूका लागि अवसर सिर्जना गर्न सफल भएका थिए (किर्क, २००८:२३)।

तैपनि, दीर्घकालीन पुनरलाभ तथा पुनर्निर्माण कार्यक्रमहरूका लागि कोष सुनिश्चित गर्न अझ कठीन सावित भयो र प्रायः अनिश्चित हुन्थियो, जसले गर्दा कैयौं अस्थायी बन्दोबस्तलाई स्थायी बनायो (इबिड.:१७)। उदहारणका लागि, पुनर्निर्माणको सुस्त चालका कारण पाकिस्तानमा थुप्रै बालबालिकाहरू भूकम्प पश्चात झन्डै ३ वर्षसम्म पनि पालमा बसेर पढ्दै थिए (इबिड.:२३)।

पाकिस्तानको उदहारणमा सामना गरिएका कठीनाईहरूका लागि थुप्रै कारकहरू हुन सक्ने भएतापनि, दीर्घकालीन सफलताहरू पनि थिए। जस्तै, प्राथमिक विद्यालय जाने उमेर भएका ७०५ बालबालिकाहरू भूकम्प गएको ५ वर्षपछि विद्यालय जान थालेका थिए भने, जबकि उक्त विपदभन्दा अघि केवल ५०५ मात्र जाने गर्द थिए (सेभ दि चिल्ड्रेन, २०१५:११)। यति हुदाँ पनि, आपतकालीन अवस्थामा शिक्षाको प्रावधानमा प्रायः न्यूण कोष लगानी हुन्छ, जसले लामो समयसम्म रहने सकारात्मक परिवर्तनको अवसरको सिर्जना गर्ने प्रयत्नहरूलाई व्यवधान पुर्याउँदछ (स्याण्डरसन् एण्ड रामालिंगम, २०१५:२५)।

# च. अनुगमन, मूल्यांकन, जवाफदेहिता तथा सिकाई

> *"प्रभावित व्यक्तिहरुका आवश्यकताहरु द्रुत गतिमा बढ्दै जाने भएकाले भूकम्पपछिको अवस्थामा अनुगमन तथा मल्याङ्कनको विशेष महत्व हुन्छ ।"*

भूकम्प जस्तो विपदपछि, मानवीय सँस्थाहरू चाडै कार्यरत हुन तथा प्रभावित समुदायहरूका माझ रहेका जल्दाबल्दा आवश्यकताहरूको सम्बोधन गर्न दबाबमा हुन्छन् । फलस्वरुप, अनुगमन तथा मूल्यांकन (एम् एण्ड इ) र प्रतिवेदनले कम ध्यान प्राप्त गर्न सहज हुन जान्छ । यद्पी, यी तत्वहरू भूकम्प पछिका परिवेशहरूमा प्रभावित जनसंख्याका आवश्यकताहरू तीव्र वेगमा विकसित हुनसक्नाले विशेष गरी महत्वपूर्ण हुन्छन् । वास्तविक वातावरणमा परियोजनाको अनुकुलन सम्भव पारेर समुदायहरूलाई पुनरलाभ प्राप्त गर्न उक्त प्रतिकार्य उपयुक्त र प्रभावकारी भएको सुनिश्चित गर्न एम् एण्ड इ तथा प्रतिवेदनगत कार्यले मद्दत गर्न सक्दछ ।

अनुगमन तथा मुल्यांकनले मानिसहरूलाई त्यस्ता विपदका जोखिमताका विद्यमान चक्रबाट माथी उठ्न पनि सहयोग गर्न सक्दछ । जस्तै, इरानको २००३ को बाम भूकम्पको पुनरलाभ चरणका बेला जोखिम न्यूनीकरणका प्रयासहरूको अनुगमनले सही सामग्रीहरू तथा कार्यविधिहरूले भूकम्पका लागि थप उत्थानशीलतायुक्त आवास निर्माण गर्न प्रयोग गरिएको सुनिश्चित गर्यो (स्यान्डरसन् तथा अन्य, २०१२:२६) । फलस्वरुप, एम् एण्ड इ प्रणालीहरूको विकास गर्नाले कार्यक्रमका लागि दीर्घकालीन फाइदा प्रदान गर्न सक्दछ (आइ एन् टि आर ए सि, २०१४:१) । अनुगमन, मूल्यांकन, जवाफदेहिता र सिकाई (एम् इ ए एल) प्राथमिक महत्वका कुरा भएतापनि, केवल सिमित मात्रामा दस्तावेजहरूले कसरी भूकम्पपछिका परिवेशहरूमा यो कार्य कसरी गर्ने भनेर सिकाई प्रदान गरे ।

## **सिकाई १५ :** अनुगमन, मूल्यांकन, जवाफदेहिता, सिकाईको महत्व बुझ्ने तथा बाधाहरू पन्छाउने

**उच्च विश्वास**

### भूकम्पपछिका परिवेषहरूमा अनुगमन, मूल्यांकन, जवाफदेहिता तथा सिकाइको कार्य गर्नेहरू मानवीय कार्य गर्नेहरूले अन्य अकस्मात आइ पर्ने संकटहरूमा झैं उस्तै खालका कठीनाइहरूको सामना गर्दछन्

यस लेखका लागि समीक्षा गरिएका दस्तावेजहरूले कार्यान्वयनकर्ताहरूले भूकम्पपछिका परिवेशहरूमा अनुगमन, मुल्यांकन, जवाफदेहिता तथा सिकाइका कार्य गर्दा तुलनात्मक रुपमा कम कठीनाइको सामना गरेको दर्शाउँदछन् ।


- कार्यक्रममा (अघिल्ला खण्डहरूमा बताइए झैं) स्थानीय जनसमूहहरूसँग संलग्न हुन तत्परताको कमी (खास गरेर जोखिममा रहेका जनसमूहहरू) ।
- अस्पष्ट वा सुस्पष्ट रुपमा उल्लेख नगरिएका कार्यक्रमका लक्ष्यहरू, नतिजाहरू तथा प्रतिफलका सूचकहरू । यसले गर्दा कार्यक्रमहरूलाई प्रभावित घरधुरीहरूका सामुन्ने नतिजाहरू पुर्याइए कि पुर्याइएनन् भनेर पत्ता लगाउनबाट रोक्दछ (विश्व बैंक, २०१४; जिस्म्यान् तथा अन्य., २०१४; विश्व बैंक, २०१६:१०७) ।
- मूल्यांकन इकाईहरू माझ अपर्याप्त कोष तथा क्षमता । जस्तै आइ एफ आर सिको हेइटीको योजना, अनुगमन, मूल्यांकन तथा प्रतिवेदन इकाइ उक्त कार्यक्रमको कार्ययोजनाको चाहिने जति सूचकहरू बनाउने वा पर्याप्त स्थलगत अनुगमन गर्न क्षमतामा कमी रहयो । पोर्ट (अउ (प्रिन्समा भएको सानो इकाइ प्रतिवेदनगत आवश्यकताहरूले यति अभिभूत भएको थियो कि उनीहरूसँग कार्यक्रम अनुगमनका लागि दिन प्रशस्त समय भएन (रिस (गिल्डिया र मोल्स, २०१२) । अर्को उदहारण सन् २०११ को क्रिस्टचर्च भूकम्पको रहेकोछ जहाँ न्युजिल्यान्ड रेडक्रसले सो सँस्थामा अनुगमन तथा मूल्यांकनका लागि आवश्यक बुझाइ तथा मद्दतको अभाव रहेको पायो । आन्तरिक रुपमा पर्याप्त अनुगमन तथा मूल्यांकन विज्ञतामा कमीका कारणले, समुदायका आवश्यकताहरू तथा प्रभावित जनसंख्याबाट पृष्ठपोषणका बारे तथ्यांक संकलन गर्नका लागि गरिएका प्रारम्भिक प्रयत्नहरू पर्याप्त थिएनन् (मुडी तथा अन्य, २०१८) ।

### तथ्यांक संकलन गर्न लचिला तथा सिर्जनात्मक तरिकाहरूको प्रयोगले राम्रो अनुगमन, मूल्यांकन, जवाफदेहिता तथा सिकाइ कार्यक्रमका लागि राम्रो सहयोग गर्न सक्छ

भूकम्पपछिका परिवेशहरूमा अनुगमन, मूल्यांकन, जवाफदेहिता, सिकाइको काम गर्ने मानवीय कार्य गर्नेहरूले अन्य किसिमका विपदहरूका सन्दर्भमा प्रतिकार्य गर्नेहरूले सामना गर्ने झैं चुनौतीहरू सामना गरेता पनि, केही सँस्थाहरूले भूकम्पपछिको परिवेशहरूमा तथ्यांक संकलनको प्रवन्धन गर्नका लागि सिर्जनात्मक तरिकाहरू खोजेकाछन् । जस्तै कि, आइ एफ आ सिले गुनासाहरू तथा पृष्ठपोषणको प्रवन्धन गर्नका लागि नौला भन्ने कल सेन्टरसँग साझेदारी गरेर प्रभावित समुदायहरूबाट पृष्ठपोषण प्राप्त गर्न एउटा चाखलाग्दो अवधारणाको प्रयोग गर्यो । प्रभावित घरधुरीहरूले सोध्न सक्ने सम्भाव्य प्रश्नहरूको एउटा सूची कल सेन्टरका कर्मचारीहरूलाई दिइयो र कलहरूको अभिलेख राख्न भनियो ताकि

आवश्यकता अनुसार थप ताकेता गर्न सकियोस् । उक्त सेवा प्रभावित जनसंख्यामा लोकप्रिय सावित भयो, ८५५ सन्तुष्टी दरका साथ, तसर्थ अन्य आन्तरिक रुपमा विस्थापितहरूको शिविरमा विस्तार गरियो (रिस (गिल्डिया र मोल्स, २०१२:२०) ।

मानवीय कार्य अभ्यासकर्ताहरू जसलाई भूकम्पपछि पहुँच सम्भव नभएका क्षेत्रहरूमा अनुगमन गर्न आवश्यक हुन्छ, उनीहरूले अन्य परिवेशहरूमा (द्वन्द वा असुरक्षा सहित) टाढा रहेर अनुगमन, मूल्यांकन, जवाफदेहिता तथा सिकाइका कार्य गरेका अन्यबाट सिकाइहरू हेर्नसक्छन् । तैपनि, यस लेखका लागि समीक्षा गरिएका अन्य कुनैपनि दस्तावेजमा यस विषयमा सान्दर्भिक पाठहरू थिएनन् ।



हेइटीमा सन् २०१० को भूकम्पपछि आइएफआरसीले प्रभावित समुदायको पृष्ठपोषण प्राप्त गर्ने एउटा लोकप्रिय अवधारणाको प्रयोग गऱ्यो । यसमा हेइटीको कल सेन्टर, नौउलाको सहकार्यमा उजुरी तथा पृष्ठपोषण लिने काम गरिएको थियो । सौजन्य : रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरुको अन्तर्राष्ट्रिय महासंघ

# छ. समन्वय

मानवीयताको क्षेत्रमा, समन्वय विपदहरूमा सरल बुझाईयुक्त तथा सिद्दान्तमूलक प्रतिकार्यहरू सुनिश्चित गर्न मानवीय कार्य गर्ने पात्रहरूलाई साथमा ल्याउने 'गर्ने केन्द्रित रहन्छ' (मानवीय प्रतिकार्य, एन्, डि.) उपलब्ध स्रोतसाधनहरूभन्दा प्रभावित समुदायका आवश्यकताहरू सधै बढी हुनाले, मानवीय कार्य गर्ने पात्रहरूले आफ्ना सहयोग बढाउनु अपहरिहार्य छ। एउटा तरिका भनेको अन्य सँस्थाहरूले गरेका उही कार्य नगर्नं हो, जसले धेरै मानिसहरू समेटिएको सुनिश्चित गर्दछ। अन्य विपदका अवस्थाहरूमा भन्दा भूकम्पपछिको परिवेशमा समन्वय अझ चुनौतीपूर्ण हुनसक्छ किनकि सञ्चारका पूर्वाधारहरू क्षतिग्रस्त भएका हुनसक्छन्। यसको ख्याल राख्दै, बिभिन्न सँस्थाहरू उही समयमा कार्यरत रहेका क्षेत्रहरूमा, मानवीय कार्य गर्ने समुदायले उही कार्य नदोहोरियोस् भनेर गरेका प्रयत्नहरूमा समन्वय गरेर, कुनैपनि क्षेत्रहरूमा सहायता नपुगेको नहोस् भनेर सुनिश्चित गरिनुपर्छ।

## सिकाई १६ : प्रतिकार्यमा नकारात्मक प्रभाव पर्नबाट जोगिन समन्वयमा समय दिने र प्रयास गर्ने

**उच्च विश्वास**

